**सहभागी हुन अनुरोध**

प्रगतिशील साहित्यकार हरिबहादुर श्रेष्ठ (नारायणमान बिजुक्छेँ) को प्रमुख आतिथ्यमा कवितासङ्ग्रह **'ए, मेरा रातहरू'** पुस्तकको परिचर्चाका साथै कविता वाचन कार्यक्रममा सहभागी हुन सम्पूर्ण साहित्यप्रेमी महानुभावहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : २०८३ साउन ३० गते, शनिबार
**समय** : दिनको १:३० बजे
**स्थान** : बालविकास सेकेन्डरी स्कूल लिबाली, भक्तपुर-८

**आयोजक**
**'मजदुर' दैनिक**



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**'मजदुर'**
**विज्ञापन शाखा**
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७

**विज्ञापनको लागि**
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : २०२ ★ ने. सं. ११४६ गुँला थ्व, प्रतिपदा ★ बिहीबार ★ २८ साउन, २०८३ ★ August 13, 2026, Thursday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८





पूर्वी चीनको शाङ्घाई महानगरको शाङ्घाई प्रदर्शनी केन्द्रमा अगस्ट १२ देखि १८ सम्म चल्ने शाङ्घाई पुस्तक मेलामा स्टलहरूमा पुस्तक छनोट गर्दै पुस्तकप्रेमीहरू अगस्ट १२, २०२६ को दिन ।

*तस्बिर : सिन्ह्वा/चेन हाओमिङ*

# सरकारका नेता र मन्त्रीहरू जिम्मेवार हुनु आवश्यक

कुनै राजनीतिक दलले निर्वाचनमा बहुमत प्राप्त गर्नु र बहुमतको आधारमा सरकारको नेतृत्व गर्नु कुनै आश्चर्यको विषय होइन । यो संसदीय मूल्य र मान्यता पनि हो । तर, कुनै दलले बहुमत प्राप्त गर्नु र त्यसैको आधारमा देश सञ्चालन गर्नुको अर्थ निरङ्कुशता लाद्न होइन; प्रजातान्त्रिक मूल्य र मान्यता उल्लङ्घन गर्न होइन । आफ्नो दल अनुकूल होइन देश र जनताको आवश्यकताअनुसार देश सञ्चालन गर्नुपर्छ । सरकारले उद्योग या सङ्घ संस्थाहरू एकपछि अर्को निजीकरण गर्नु, विदेशी कम्पनी या सङ्घ संस्थाको जिम्मा दिनु आफ्नो जिम्मेवारीबाट पन्छिनु हो । उद्योग तथा कलकारखाना घाटा भयो या डुब्यो भनेर बन्द गर्ने होइन, निजीकरण गर्ने होइन । बरू घाटा हुनुको कारण खोजी त्यसलाई सुधारेर फेरि सञ्चालन गर्नुपर्छ । सरकारको नेतृत्व गर्नु या सरकार सञ्चालन गर्नु भनेको सत्ताको कुर्सीमा बस्नुमात्र होइन देश र जनताको पक्षमा नीति नियम बनाएर, बनाइएको नियम लागु गरेर देशलाई समृद्ध र सुख बनाउनु हो । समृद्ध नेपाल र सुखी नेपाली कुनै दलको नेताले फुकेर, खोकेर हुने होइन । समृद्ध नेपाल र सुखी नेपाली बनाउनु नै समाजवादको अवधारणा हो भनेर मार्क्सवादी विचार छोडेर प्राप्त हुने होइन ।

साउन २७ गतेको 'कान्तिपुर' दैनिकमा 'सरकारी स्वास्थ्यमै अत्यावश्यक खोप र औषधि अभाव' शीर्षकको समाचार छापियो । सरकारले लामो समयसम्म खरिद प्रक्रिया अघि नबढाउँदा सरकारी स्वास्थ्य संस्थामा अत्यावश्यक खोप, औषधि र स्वास्थ्य सामग्रीको चरम अभाव देखिएको हो । गर्भवती, सुत्केरी तथा किशोरीको लागि रक्त अल्पता कम गर्न दिइने अत्यावश्यक आइरन चक्कीसमेत महिनौँदेखि सरकारी संस्थानमा नहुनु या बन्दोबस्त नगर्नु या चासो नराख्नु कसको कमजोरी हो ? यसअघि सर्प दंशविरूद्धको औषधि र रेविजविरूद्धको खोप पनि आपूर्ति भएको थिएन । सोही दिनको 'नयाँ पत्रिका' मा 'प्रयोगबिनै बिग्रिए करोडौँका स्वास्थ्य उपकरण' शीर्षकको समाचार छापियो । समाचारमा उपकरण खरिदमा करोडौँ खर्च गर्ने तर सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन र मर्मत सम्भारमा ध्यान नदिने सरकारी प्रवृत्तिले करोडौँका स्वास्थ्य उपकरण गोदाममा थन्किरहेको उल्लेख छ । ११ वर्षअघि भारतले ट्रमा सेन्टरलाई दिएको साढे पाँच करोडको क्याथ ल्याब मेसिन प्रयोग नै नगरी बिग्रिएको खबर छापामा आएको थियो । यी दुई समाचारले पनि सरकार गम्भीर नभएको थाहा हुन्छ । यसबारे सम्बन्धित निकाय बेखबरझैँ भएको छ । अस्पताल प्रशासन किन मौन ! कहिले मेसिन नै नहुने, कहिले भएको मेसिन पनि उपयोग नगर्ने त कहिले जनशक्तिको अभाव भनी थन्काउने प्रवृत्तिले सत्तारूढ दल र सरकारका नेता र मन्त्रीहरू जिम्मेवार नभएको प्रस्ट हुन्छ ।

स्वास्थ्य सेवाका मेसिन, अन्य सामग्री र औषधि मानिसको ज्यानसँग सम्बन्धित हुन्छ । औषधिको अभाव या समयमा औषधि नपाएर कतिको ज्यान गएको हुन्छ । कति औषधिहरू गोदाममै थन्किएर म्याद समाप्त हुन्छ । एकछिन, एक समयमा भएको सानो कमजोरीले मानिसको ज्यान जाने खतरा हुन्छ । विशेषत: अस्पताल, बारूणयन्त्र र एम्बुलेन्स २४ सै घण्टा पूर्णत: तयारी अवस्थामा राख्नुपर्छ । आगलागी हुँदा दमकल समयमा पुगेन भने धेरै धनजनको क्षति भइसकेको हुन्छ । एम्बुलेन्सको पनि त्यत्तिकै महत्त्व हुन्छ । समयमा बिरामी अस्पताल या स्वास्थ्य केन्द्रमा पुऱ्याउन सकिएन भने बाटोमै बिरामीको मृत्यु हुनसक्छ । अस्पताल पनि त्यस्तै संवेदनशील र महत्त्वपूर्ण संस्था हो । रात-दिन तयारी भएर बस्नुपर्ने हुन्छ । कहिलेकाहीँ कहाँ कस्तो घटना हुन्छ, भूकम्प आउँछ, पहिरो आउँछ भन्ने थाहा हुँदैन । कहिले प्रकोप, महामारी हुन्छ त कहिले आगलागी हुन्छ । कहिले दङ्गाफसाद हुन्छ त कहिले उत्पात हुन्छ । कुनै पनि समयमा कुनै पनि


***बाँकी पृष्ठ ८ मा***


# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- प्रदेश सरकार गठनको लागि एमाले र तत्कालीन माओवादीबिच नयाँ समीकरण बनाउने सहमति गरिएको हप्तौँ भयो । यो समीकरणलाई ओली र दाहालले प्रदेशको राजनीतिक स्थिरता र सुशासनको लागि बताए तर यस्तो समीकरण त अगाडि पनि बनेको हो, के त्यो ६ महिना टिक्यो ? शासक दलहरूले जनतालाई कति ढाँट्ने ? अहिले रास्वपाको दुईतिहाइ भनिएको सरकार पनि पुरानै दलको नीति कार्यक्रममा हिँड्दै छ ।
- नेता बन्नु र नेतृत्वमा पुग्नु ठुलो कुरा होइन तर युवाको आकाङ्क्षा, क्षमता विकास र अवसरको समान वितरणलाई व्यवहारमा उतार्नु वर्तमान सरकार र प्रधानमन्त्रीको मुख्य चुनौती हो । आजसम्मका सरकारहरूले युवालाई जुवा, तास, मदिरा, धूमपान हुँदै लागूपदार्थको लतमा समेत फसाएको किन होइन ? नेपाली युवालाई सुसंस्कृत बनाउने काम सरकारबाट किन भएन ?
- साढे ५ लाख विद्यार्थीसँगै नेपालीको साढे ५ खर्ब रकम बाहिरियो । स्वदेशमा रोजगारीको अभाव, अध्ययनपछि करिअरको अनिश्चितता, शैक्षिक क्यालेन्डरमा अनियमितता, शासक दलको पक्षपात, सीपअनुकूल रोजगारीको कमी, विदेशमा अध्ययनसँगै काम गर्ने अवसर, आर्थिक पक्ष सबल बनाउने नाउँमा सरकारहरूले युवा विद्यार्थीलाई विदेश पठाइरहेको किन होइन ?

  कतिपय विदेशी विश्वविद्यालय र कलेजले नेपालका शासक पार्टीका प्रम, मन्त्री र नेताहरूलाई 'विद्यार्थी पठाउनु केही छात्रवृत्ति मिलाई दिउँला' भनी फसाएका थिए । यो जालमा रास्वपाका कुन कुन नेता तथा प्रम र मन्त्रीहरू पनि जोडिएका छन्, सार्वजनिक हुने नै छ ।
- संयुक्त राष्ट्र सङ्घले तय गरेअनुसार विश्वभरि साउन २७ गते बुधबार तदनुसार अगष्ट १२ का दिन अन्तर्राष्ट्रिय युवा दिवस मनाइयो । नेपालमा जेनजी युवा आन्दोलनबाट युवा भनिएका बालेन प्रम बनाइएको चर्चा चलाइँदै छ । देश, समाज र संस्थाको नेतृत्व उमेरले गर्ने होइन, वर्ग आधार भएको विचारले गर्ने हो । यतिखेर ज्येष्ठ नागरिक भनिएका देउवा, ओली, माधव, झलनाथ, दाहाल, बाबुरामको सरकार जस्तोकै देश र जनताविरोधी बाटोमा रास्वपाका बालेन सरकार हिँड्दै छ । वर्षको लाखौँ सङ्ख्यामा युवाहरू वैदेशिक रोजगारीमा पठाइने काम यथावत छ । त्यसरी विदेश पठाइएका युवाहरूको व्यथा, पीडा सही नसक्नु भएको यो सरकारलाई कसरी थाहा भएन ?


***बाँकी पृष्ठ ८ मा***


# खाना पकाउने ग्यास र कालोबजारी नियन्त्रण गर्न माग गर्दै सुर्खेत प्रशासनमा ज्ञापनपत्र

सुर्खेत, २७ साउन । खाना पकाउने एलपी ग्यासको सहज आपूर्ति, कालोबजारी नियन्त्रण तथा अस्वाभाविक महँगी रोक्न माग गर्दै नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ (नेक्राविसङ्घ) र नेपाल क्रान्तिकारी युवा सङ्घ (नेक्रायुसङ्घ) सुर्खेतले संयुक्त रूपमा जिल्ला प्रशासन कार्यालय, सुर्खेतमा ज्ञापनपत्र बुझाएका छन् ।

आइतबार जिल्ला प्रशासन कार्यालय पुगेका युवा तथा विद्यार्थीहरूको संयुक्त टोलीले ६ बुँदे मागसहितको ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा पछिल्लो एक महिनादेखि ग्यासको चरम अभावका कारण सर्वसाधारण घण्टौसम्म लाइनमा बस्नुपरेको, बिचौलिया र कालोबजारीका कारण बढी मूल्य तिर्नुपर्ने बाध्यता सिर्जना भएको र यसले विद्यार्थी तथा श्रमजीवी मजदुरहरूलाई चरम सास्ती भएको उल्लेख गरिएको छ ।

ग्यासको सहज आपूर्ति, दोषीमाथि कडा कारबाही, प्रभावकारी बजार अनुगमन, दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि नियन्त्रण र भारतीय कम्पनी जीएमआरलाई दिइएको कर्णाली जलविद्युत् आयोजना खारेज गरी स्वदेशी विद्युत् उत्पादकमार्फत विद्युत् उत्पादन बढाउँदै ग्यास आयात घटाइनुपर्ने जस्ता मागहरू ज्ञापनपत्रमा उठाइएका छन् ।

उक्त ज्ञापनपत्र नेपाल क्रान्तिकारी युवा सङ्घ, सुर्खेतकी कार्यवाहक अध्यक्ष छत्रिकाकुमारी वि.क.ले पढेर सुनाउनुभएको थियो । प्रमुख जिल्ला अधिकारी अनुपस्थित रहेकोले सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीलाई ज्ञापनपत्र हस्तान्तरण गरिएको थियो ।

ज्ञापनपत्र बुझ्दै सहायक प्रमुख जिल्ला अधिकारी कार्कीले युवा तथा विद्यार्थीहरूले उठाएका विषयहरू अत्यन्तै महत्त्वपूर्ण रहेको र मागप्रति प्रशासनको ध्यानाकर्षण भएको बताउनुभयो । उहाँले प्राप्त ज्ञापनपत्रलाई तत्कालै माथिल्लो निकायमा पठाउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

ज्ञापनपत्र बुझाउने क्रममा नेक्राविसङ्घ र नेक्रायुसङ्घका जिल्लास्तरीय नेता तथा युवा विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

***व्यङ्ग्यचित्रको कुनो***






बुधबार बिहान भक्तपुरको दतात्रय नजिक सलाँ गणेश मन्दिर अगाडि अघिल्लो साँझ गाठामग जलाउने जात्राको क्रममा भएको कसिङ्गर सफा गर्दै भक्तपुर नगरपालिकाका सफाइ मजदुरहरू ।

*तस्बिर : मजदुर दैनिक/बालकृष्ण वनमाला*

# सरकारी कार्यालयमा दिइने निवेदनको ढाँचामा एकरूपता ल्याइने, मार्गदर्शन जारी

काठमाडौँ, २७ साउन । सरकारले सरकारी कार्यालयबाट प्रदान हुने सार्वजनिक सेवाका लागि प्रयोग हुने निवेदनको ढाँचामा एकरूपता ल्याउने उद्देश्यले मार्गदर्शन जारी गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ‘सरकारी कार्यालयमा प्रयोग हुने निवेदनको ढाँचा तथा सोको कार्यान्वयन मार्गदर्शन, २०८३’ जारी गर्दै सबै सरकारी कार्यालयमा यसको कार्यान्वयन गर्न निर्देशन दिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता हेमराज अर्यालले जानकारी दिनुभयो ।

सरकारी कार्यालयबाट प्रदान गरिने समान प्रकृतिका सेवाका लागि फरक-फरक निवेदन ढाँचा प्रयोग भइरहेको अवस्थालाई अन्त्य गर्दै सेवा प्रवाहलाई सरल, सहज, प्रभावकारी, सेवाग्राहीमैत्री तथा सूचना प्रविधिमा आधारित बनाउन मार्गदर्शन जारी गरिएको कार्यालयले जनाएको छ ।

मार्गदर्शनअनुसार सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी तथा सार्वजनिक निकायले आफूले प्रदान गर्ने प्रत्येक सार्वजनिक सेवाका लागि आवश्यक निवेदनको छुट्टाछुट्टै ढाँचा तयार गरी लागू गर्नुपर्नेछ । निवेदनको ढाँचा सरल, स्पष्ट र नेपाली भाषामा तथा आवश्यकताअनुसार अङ्ग्रेजी भाषामा समेत तयार गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यस्ता ढाँचालाई डिजिटल रूपमा समेत प्रयोग गर्न सकिने गरी तयार गर्नुपर्नेछ ।

निवेदनको ढाँचामा सेवा प्रदान गर्ने कार्यालयको नाम, निवेदनको विवरण, माग गरिएको सेवा, आवश्यक स्वघोषणा, मिति, निवेदकको हस्ताक्षर, संलग्न गर्नुपर्ने कागजातको सूची तथा कार्यालय प्रयोजनका लागि आवश्यक अन्य विवरण अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ ।

मार्गदर्शन लागू भएको मितिले सात दिनभित्र प्रत्येक सरकारी कार्यालयले कार्यालयबाट प्रवाह हुने प्रत्येक सेवाको सूची तयार गर्नुपर्नेछ । त्यसपछि प्रत्येक सेवाका लागि निवेदनको ढाँचा तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउनुपर्नेछ । स्वीकृत ढाँचा कार्यालयको सूचना पाटी तथा वेबसाइटमा प्रकाशन गर्नुका साथै सेवाग्राहीलाई नि:शुल्क उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्नेछ ।

सरकारले कागजरहित सेवा प्रवाहलाई मूर्तरूप दिन प्रत्येक कार्यालयले निर्धारित निवेदनको ढाँचा आफ्नो वेबसाइट, क्यूआर कोड, विद्युतीय फाराम तथा डाउनलोड गर्न सकिने पीडीएफलगायत नवीनतम प्रविधिको प्रयोग गरी निवेदनको ढाँचा उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । प्रत्येक कार्यालयले सेवाग्राहीलाई निवेदन तयार गर्न, फाराम भर्न तथा आवश्यक कागजात र सेवासम्बन्धी विषयमा जानकारी दिन ‘सेवाग्राही सहायता कक्ष’ स्थापना गर्नुपर्नेछ । सहायता कक्षबाट प्रदान गरिने सेवा नि:शुल्क हुनुपर्नेछ ।

सेवाग्राहीलाई निवेदन तयार गर्ने, फाराम भर्ने वा आवश्यक कागजात मिलाउने नाममा कार्यालय परिसर वा वरिपरि अनधिकृत रूपमा शुल्क लिने वा नलिने व्यक्ति वा संस्थालाई प्रोत्साहन नगर्न पनि मार्गदर्शनले निर्देशन दिएको छ । कार्यालय परिसरमा सेवाग्राहीको पहुँचमा अवरोध पुऱ्याउने, अनधिकृत रूपमा सेवा सहजीकरण गर्ने वा आर्थिक लाभका लागि मध्यस्थता गर्ने कार्यलाई निरुत्साहित गर्न आवश्यक व्यवस्थापकीय तथा सुरक्षा उपाय अपनाउनुपर्नेछ ।

त्यस्तै, सेवाग्राहीले आफ्नै निवेदन डाउनलोड, भर्न, प्रिन्ट वा अनलाइन पेस गर्न सक्ने व्यवस्था मिलाउनुपर्नेछ । आवश्यक पर्ने कम्प्युटर, ट्याबलेट वा डिजिटल किओस्कको व्यवस्था गर्नुपर्ने तथा आफैँ सेवा लिन नसक्ने सेवाग्राहीलाई सेवाग्राही सहायता कक्षबाट प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

मार्गदर्शनको अनुगमन राष्ट्रिय सतर्कता केन्द्र तथा केन्द्रले तोकेको सतर्कता अधिकारीबाट हुने व्यवस्था छ । अनुगमनका क्रममा स्थलगत निरीक्षण, अभिलेख परीक्षण, विद्युतीय प्रणालीको परीक्षण तथा सेवाग्राहीको गुनासो र प्रतिक्रियालगायत माध्यमबाट कार्यान्वयनको अवस्था मूल्याङ्कन गर्न सकिनेछ ।

प्रत्येक कार्यालयले मार्गदर्शन कार्यान्वयनसम्बन्धी प्रगति विवरण तीन-तीन महिनामा राष्ट्रिय सतर्कता केन्द्रले तोकेको ढाँचामा तयार गरी केन्द्रमा पठाउनुपर्नेछ । प्राप्त प्रतिवेदन तथा अनुगमनका आधारमा राष्ट्रिय सतर्कता केन्द्रले आवश्यक सुधारका लागि सम्बन्धित निकायलाई निर्देशन दिन सक्नेछ ।

मार्गदर्शन पालना नगर्ने, कार्यान्वयनमा लापरबाही गर्ने वा जानाजान अवरोध सिर्जना गर्ने कार्यालय वा जिम्मेवार पदाधिकारीका सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्र वा तोकिएको अधिकारीले प्रचलित कानुनबमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्ने व्यवस्था गरिएको छ । उत्कृष्ट कार्यसम्पादन गर्ने कार्यालय वा पदाधिकारीलाई सम्बन्धित मन्त्रालयले प्रोत्साहन तथा सम्मान गर्न सक्नेछ ।

मार्गदर्शनअनुसार सरकारी कार्यालयले प्रदान गर्ने सेवाका लागि आवश्यक निवेदनको ढाँचा तथा सेवासम्बन्धी विवरण कम्तीमा वर्षमा एकपटक वा आवश्यकताअनुसार अद्यावधिक गर्नुपर्नेछ । कार्यान्वयनका क्रममा कुनै बाधा उत्पन्न भए सम्बन्धित मन्त्रालय, निकाय वा स्थानीय तहले आवश्यक निर्णय गरी त्यस्तो बाधा फुकाउन सक्ने व्यवस्था पनि गरिएको छ ।

***(रासस)***

# लिबालीस्थित विद्यार्थी होस्टेलहरूको अनुगमन



भक्तपुर, २७ साउन । भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा भनपा ८ लिबालीमा रहेका होस्टेलहरूमा बुधबार अनुगमन गरियो । धेरै होस्टेल दर्ता नगरी सञ्चालनमा रहेको टोलीले जानकारी दियो ।

होस्टेल लिबालीमा पहिलेदेखि नगरपालिकामा बिनादर्ता सञ्चालन गरिरहेकोले तीन दिनभित्र दर्ता गरी नगरपालिकामा उपस्थित हुन निर्देशन दिइयो ।

होस्टेल भक्तपुर विगत दस वर्षदेखि नगरपालिकामा बिनादर्ता सञ्चालन गरिरहेकोले तीन दिनभित्र दर्ता गरी नगरपालिकामा उपस्थित हुन, फ्रिज सफा र व्यवस्थित गर्न, भान्छा कोठाको सरसफाइमा ध्यान दिन निर्देशन दिइयो ।

नवदुर्गा होस्टेल विगत तीन वर्षदेखि नगरपालिकामा बिना सञ्चालन गरिरहेकोले दर्ता गराई सरसफाइमा ध्यान दिन, खानेकुरा राख्ने भाँडावर्तन व्यवस्थित गर्न र सफा राख्न, प्यानमा दर्ता गर्न निर्देशन दिइयो ।

होम स्टाइल होस्टेल ४ वर्षदेखि नवीकरण नगरी सञ्चालन गरेको हुँदा तीन दिनभित्र नगरपालिकामा उपस्थित हुनु मूल्य सूची राख्न, प्यानमा दर्ता गर्न र सरसफाइमा ध्यान दिन निर्देशन दिइयो ।

इन्स गर्ल्स होस्टेललाई पनि नवीकरण गर्न निर्देशन दिइयो ।

अनुगमनमा समितिका सदस्य श्यामकृष्ण खत्री, रोशनमैँया सुवाल, ज्ञानबहादुर मानन्धर, रीता फसिकवा, भनपा श्यानिटेसनका न.नि. दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्याञ्जु, जिल्ला प्रशासन कार्यालय भक्तपुरका नवराज पोखरेल, महानगरीय प्रहरी परिसरका प्र.स.नि. कृष्णबहादुर खत्री, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका लक्ष्मीप्रसाद बाटी, वाणिज्य तथा उद्योग कार्यालयका लक्ष्मीप्रसाद कासुला, भक्तपुर उद्योग वाणिज्य सङ्घका वैकुण्ठ मानन्धरको सहभागिता थियो ।

# भदौ ४ गते इन्द्रायणी द्योछेँको उद्घाटन

भक्तपुर, २७ साउन । भनपा वडा नं. २ खौमास्थित इन्द्रायणी द्योछेँ मन्दिर पुन: निर्माण सम्पन्नपछि मन्दिर उद्घाटन र क्षमा पूजा गर्न गठित अतिथि सत्कार समितिको आयोजनामा बुधबार स्थानीय महिलाहरूको भेला भयो ।

भेलामा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगर संस्कृति र सम्पदाको जीवन्त सहर भएको चर्चा गर्दै भक्तपुरलाई आन्तरिक र बाह्य पर्यटकहरूको केन्द्र बनाउन नगरवासी सबै लाग्नु आवश्यक भएको बताउनुभयो ।

“भक्तपुरको विशेषता भन्नु नै सामूहिक भावनाका साथ विकास निर्माणमा सहयोग गर्नु र जात्रा-पर्वहरू मिलेर बनाउनु हो”, उहाँले भन्नुभयो ।

नयाँ पुस्तालाई परम्परागत कला-संस्कृति र सम्पदा संरक्षणप्रति सचेत र सजग गराउनु जरूरी रहेको उपप्रमुख जोशीले बताउनुभयो ।

वडा अध्यक्ष हरिप्रसाद बासुकलाले सम्पदा संरक्षण र विकास निर्माणको कार्य उपभोक्ता समितिमार्फत गराउँदा दिगो, भरपर्दो र आत्मीयता हुने भएकोले भनपाले यसमा जोड दिइरहेको बताउनुभयो ।

कार्यक्रममा उपभोक्ता समितिका अध्यक्ष विनोदचरण राय, वडा सदस्यद्वय सुनिता अवाल र मन्जु लाखाजु, कृष्णश्वरी हाडालगायतले बोल्नुभएको थियो ।

# सांसद र मन्त्री बन्न शैक्षिक योग्यता तोक्नुपर्ने मागबारे के भन्यो सर्वोच्चले ?

काठमाडौँ, २७ साउन (सेतोपाटी) । सर्वोच्च अदालतले सांसद र मन्त्री बन्नका लागि शैक्षिक योग्यता तोक्ने परमादेश दिन अस्वीकार गरेको छ ।

प्रतिनिधिसभा, राष्ट्रिय सभा सांसद र मन्त्रीको शैक्षिक योग्यता तोकिनुपर्ने माग राख्दै दायर भएको रिटमा सर्वोच्चले यसको क्षेत्राधिकार न्यायालय नभएको भन्दै परमादेश दिन अस्वीकार गरेको हो ।

सांसदहरू पढेलेखेका हुनुपर्ने, डिग्रीसम्म हासिल गर्नुपर्ने, गुणस्तरीय कानुन र नीति निर्माणका लागि योग्य व्यक्ति हुनुपर्नेलगायतका बहसहरू हुने गरेका छन् ।

यस सम्बन्धमा दायर भएको रिटलाई सर्वोच्च अदालतका प्रधानन्यायाधीश मनोजकुमार शर्मा र मेघराज पोखरेलको इजलासले असार २ गते खारेज गरेको थियो ।

खारेज गर्दा इजलासले मन्त्री र सांसदको योग्यता तोक्ने क्षेत्राधिकार विधायिकाको भएकोले त्यसमा न्यायालय नभएको व्याख्या गरेको हो ।

“शक्ति पृथकीकरणको सिद्धान्त लोकतान्त्रिक संविधानको मूल संरचनाभित्रको एक अपरिहार्य तत्त्व हो । यस सिद्धान्तअन्तर्गत न्यायपालिकाले विधायिकाको नीतिगत तथा कानुन निर्माणसम्बन्धी क्षेत्राधिकारभित्र प्रवेश गरी केकस्तो योग्यता वा सर्त तोक्नुपर्ने हो भनी आदेशद्वारा निर्देशन दिन मिल्दैन र त्यसो गर्नु स्वयं संविधानले परिकल्पना गरेको अङ्गगत सन्तुलन र पारस्परिक सम्मानको मान्यताविपरित हुन्छ”, आदेशमा भनिएको छ।

योग्यता राख्ने वा नराख्ने भन्ने विषय जनतासँग जोडिने विषय भएकाले पनि त्यस व्यवस्थाको हेरफेर सामाजिक र राजनीतिक छलफल गरेपछि मात्रै सम्भव हुने सर्वोच्चले बताएको छ ।

“उम्मेदवारको योग्यतासम्बन्धी वर्तमान व्यवस्था सार्वभौम जनताको मताधिकार र प्रतिनिधित्वको अधिकारसँग प्रत्यक्ष गाँसिएको र यस्तो व्यवस्थामा हेरफेर व्यापक सामाजिक तथा राजनीतिक छलफलपश्चात् मात्र सम्भव हुने विषय भएकोले यो नितान्त नीतिगत तथा राजनीतिक प्रकृतिको विवाद हुँदा यस्तो विवाद न्यायिक निरूपण योग्य देखिँदैन”, आदेशमा भनिएको छ ।

अहिले सङ्घीय संसद्को सदस्य हुन नेपालको नागरिक, उमेर हद, नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको, सङ्घीय कानुनले अयोग्य नठहऱ्याएको र लाभको पदमा बहाल नरहेको गरी पाँच योग्यता हुनुपर्छ ।

यी योग्यतामा नरहेको विषय थप गर्ने विधायिकाको सारभूत क्षेत्राधिकारकार भएको सर्वोच्चले स्पष्ट पारेको छ । साथै यो विषय राजनीतिक प्रश्नको रूपमा हेरिने हुँदा न्यायिक हस्तक्षेप वर्जित रहने संवैधानिक विधिशास्त्रमा मान्यता रहेको बताएको छ ।

भुटानमा सांसदको उमेदवार हुन शैक्षिक योग्यता तोकिएको छ । त्यहाँ पनि शैक्षिक योग्यता अदालतले नभई संसद्ले नै कानुन बनाएर तोकेको उदाहरण फैसलामा दिइएको छ ।

# इँटाले हिर्काइ युवकको हत्या

भक्तपुर, २७ साउन । भक्तपुर नगरपालिका वडा नं. ४ स्थित मङ्गलाछेँ टोलमा मङ्गलबार बेलुकी एक युवकको इँटाले टाउकोमा हिर्काइ हत्या भएको छ । मृतक युवक सूर्यविनायक बस्ने ३० वर्षीय मनिष सिंख्वाल रहेका छन् ।

स्थानीयले जानकारी दिएको घटना विवरणअनुसार मङ्गलबार बेलुकी करिब ८ बजेतिर जनसेवा आधारभूत विद्यालयको पर्खालसँगैको बाटोमा एक युवकमाथि सँगै आएका अर्को मानिसले सामान्य भनाभनकै क्रममा इँटा टिपेर टाउकोमा पटक पटक हिर्काएका थिए । प्रत्यक्षदर्शीहरू झ्याल र कौसीबाट कराएपछि ती मानिस भागेका थिए ।

घाइते युवक सिंख्याललाई तत्काल भक्तपुर अस्पताल पुऱ्याए पनि चिकित्सकहरूले मृत घोषणा गरेका थिए । प्रहरीले अनुसन्धानको क्रममा भनपा ३ बस्ने किशोर चौगुठीलाई पक्राउ गरेको छ । चौगुठीलाई गोलमढीस्थित ससुरालीबाट राति १ बजे पक्राउ गरिएको बताइएको छ ।

हत्या के कति कारणले क-कसको योजनामा गरिएको हो, अनुसन्धान भइरहेको महानगरीय प्रहरी परिसर भक्तपुरले जनाएको छ ।

## सङ्क्षिप्त समाचार

# ग्यास अभावले खाना पकाउन समस्या भएपछि चितवनमा सहुलियतको खाना

चितवन, २७ साउन । चितवन मेडिकल कलेज परिसरको क्यान्टिनले ग्यासको अभावमा खाना पकाउन कठिन भएका विद्यार्थी, कर्मचारी, मजदुरलगायतलाई सहुलियत दरमा खाना खुवाउन सुरु गरेको छ ।

त्यहाँस्थित फ्राइन्डस रेष्ट्रोले रु. १५० मा खुवाउँदै आएको सादा खाना ग्यास नपाएर समस्यामा परेका विद्यार्थी, कर्मचारी, मजदुरलगायतलाई रु. १०० मा खुवाउन सुरु गरेको सञ्चालक कृष्णप्रसाद ढकालले जानकारी दिनुभयो ।

एउटा मात्र सिलिन्डर भएकालाई खाली भएपछि भर्न नपाएसम्म समस्या भएको भन्दै उहाँले त्यस्ता नागरिकलाई लक्षित गरी तत्कालको समस्या समाधान होस् भनेर सहुलियतमा खाना खुवाउन थालिएको उहाँले बताउनुभयो ।

अत्यावश्यक भएकालाई वडामा नाम टिपाउन भनिएको जानकारी दिँदै प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले प्रशासनले क्लष्टर बेसमा दैनिक ग्यास बिक्री गर्न लगाएको बताउनुभयो ।

दैनिक आठ हजार हाराहारी ग्यास समूह बेसमा बिक्री गरिएको छ । प्रशासनमा टोल फ्री नम्बरमा फोन गरेर ९९८ जनाले ग्यास लगिसकेका छन् भने क्लष्टर आउँदो शुक्रबार केन्द्रीय बसपार्कबाट समेत ग्यास बिक्री गर्न लगाइने प्रमुख जिल्ला अधिकारी अर्यालले बताउनुभयो । ***(रासस)***

# लालबकैया खोलामा हराएका दुई बालबालिकाको शव फेला, एकको खोजी जारी

रौतहट, २७ साउन । रौतहटको देवाही गोनाही नगरपालिका-१ करुनियास्थित लालबकैया खोलामा नुहाउने क्रममा मङ्गलबार दिउँसो डुबेर बेपत्ता भएका तीन बालबालिकामध्ये एक बालक र एक बालिकाको शव फेलापरेको छ ।

स्थानीय १० वर्षीय बालक मोहमद रहमतुल्लाह र सोही उमेरकी बालिका सवनम खातुनको शव बुधबार बिहान फेलापरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षिक वसन्त गौतमले जानकारी दिनुभयो ।

घटनास्थलभन्दा करिब पाँच किमी दक्षिण परोहा नपा वडा नं २ जिङ्गडवास्थित लालबकैया खोला किनारमा करिब २०० मिटरको दूरीमा शव फेलापरेको रौतहट जिल्ला प्रहरी कार्यालयले जनाएको छ । कानुनी प्रक्रिया पूरा गरी 'पोष्टमार्टम' गर्नका लागि प्रहरी कार्यालय गरुडाका प्रहरी निरीक्षक प्रमोद खड्का नेतृत्वको टोली घटनास्थलपतर्फ खटिएको रौतहट जिल्ला प्रहरी प्रवक्ता गौतमले जानकारी दिनुभयो । ***(रासस)***

# पत्नीको शरीरमा पेट्रोल छर्केर आगो लगाउने पति पक्राउ

कर्णाली, २७ साउन । पत्नीको शरीरमा पेट्रोल छर्केर आगो लगाउन खोज्ने पतिलाई पक्राउ गरिएको छ ।  भेरीगङ्गा नगरपालिका-१३ सुर्खेत रामघाट निवासी ५० वर्षीय महेश्वरी रानालाई शरीरमा पेट्रोल छर्केर आगो लगाउने उहाँका पति ४९ वर्षीय जयबहादुर रानालाई प्रहरीले पक्राउ गरेको हो ।

मङ्गलबार बेलुका ५:०० बजे शरीरमा पेट्रोल छरी आगो सल्काएको अवस्थामा १८ वर्षीया छोरी पुष्पा रानाले आमाको शरीरमा लागेको आगो निभाएकी हुन् । तत्काल शरीरको आगो निभेपछि छोरी पुष्पाले आमाको उपचारका लागि कर्णाली प्रदेश अस्पताल कालागाउ सुर्खेत पुऱ्याउनुभएको थियो ।

अनुहार, घाँटी र शरीरको विभिन्न भागमा करिब ३६ प्रतिशत जलेको अवस्थामा रानालाई अस्पतालमा लगिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायब उपरीक्षक कविन्द्रसिंह बोहोराले जानकारी दिनुभयो ।


उहाँका अनुसार महेश्वरीलाई थप उपचारका लागि मङ्गलबार नेपालगन्ज सिफारिस (रेफर) गरिएको र त्यहाँ पनि सम्भव नहुने देखिएपछि राति ११:३० बजे भारतको लखनउ रेफर गरिएको छ । ***(रासस)***

# मलको माग उच्च, आपूर्ति न्यून

सुदूरपश्चिम, २७ साउन । धनगढीस्थित कृषि सामग्री कम्पनी लिमिटेडले यही साउन १ देखि २६ गतेसम्म एक हजार २८७.७ मेट्रिक टन युरिया र २९५.७ मेट्रिक टन डिएपी बिक्री गरेको छ । यस अवधिमा पोटास ३३.२५ मेट्रिक टन बिक्री भएको छ । प्रादेशिक कार्यालयका प्रबन्धक नवलसिंह बोगटीले धानखेतीका लागि आवश्यक पर्ने मल किसानसम्म पुऱ्याउने क्रममा कम्पनीले उक्त परिमाणमा मल बिक्री गरेको बताउनुभयो । धानखेतीको मुख्य समयमा मलको माग बढ्ने भएकाले कम्पनीले सहकारी तथा कृषि सामग्रीको बिक्री केन्द्रमार्फत किसानसम्म पुऱ्याउँदै आएको उहाँले जानकारी दिनुभयो ।

उपलब्ध मल बिक्री भइरहे पनि मागको तुलनामा आपूर्ति भने अझै बढाउनुपर्ने अवस्था रहेको छ । धनगढीका लागि युरिया एक हजार ९४७.७०५ र डिएपी एक हजार ९१५.८१५ मेट्रिक टन आवश्यक कोटा रहेको प्रबन्धक बोगटीले जानकारी दिनुभयो । हालको बिक्रीपछि कम्पनीमा युरिया ११०.२५०, डिएपी ३१ र पोटास ९३.६५० मेट्रिक टन मौज्दात रहेको छ । मङ्गलबारसम्म बिक्री र मौज्दात जोड्दा युरिया एक हजार ३९७.९५५ तथा डिएपी ३२६.७ मेट्रिक टन पुगेको छ । आवश्यक कोटासँग तुलना गर्दा बिक्री तथा मौज्दातमा रहेको मल युरियातर्फ करिब ७२ प्रतिशत र डिएपीतर्फ करिब १७ प्रतिशतमात्रै पुग्छ । यसमध्ये डिएपीको आपूर्ति अन्तर तुलनात्मक रूपमा बढी देखिएको छ ।

कम्पनीको विवरणअनुसार आवश्यक कोटाको तुलनामा युरियामा ५४९.७५५ र डिएपीमा एक हजार ५८९.११५ मेट्रिक टन कमी देखिएको छ । धानखेतीका लागि मलको माग बढेको समयमा डिएपीको आपूर्ति कमजोर हुँदा किसानले मलका लागि समस्या भोग्नु परिरहेको छ । ***(रासस)***



**मार्सीधान फाँट**
जुम्लाको गुठीचौर गाउँपालिका-४ स्थित खल्लाबाडा गाउँबाट देखिएको मार्सीधानको फाँट र तिला नदी । *तस्बिर: विजय रावत/रासस*

# पर्सा राष्ट्रिय निकुञ्जमा 'बाघ मित्र' अभियान

जनकपुरधाम, २७ साउन । बाघको सङ्ख्या बढेसँगै पर्सा राष्ट्रिय निकुञ्जले 'बाघ मित्र' अभियानलाई सञ्चालन गर्ने तयारी गरेको छ ।

पर्सा राष्ट्रिय निकुञ्जमा पाठे बाघको सङ्ख्या ७१ पुगेको छ । निकुञ्जका प्रमुख रामचन्द्र खतिवडाका अनुसार निकुञ्जमा यसअघि ४१ बाघ रहेकामा हालै गरिएको बाघ गणनाका क्रममा बाघको सङ्ख्या एकैपटक ३० वटा बढेको हो ।

निकुञ्जमा बाघको सङ्ख्या बढेपछि वन्यजन्तुप्रतिको नागरिकको सोच र आनीबानीमा परिवर्तन ल्याई मानव-बाघबिच सहअस्तित्व प्रवर्द्धन गर्ने तथा वन्यजन्तुहरूबाट हुने मानवीय क्षतिलाई शून्यमा झार्ने लक्ष्यसहित निकुञ्जले 'बाघ मित्र'अभियानलाई विस्तार गर्ने तयारी गरिएको प्रमुख खतिवडाले बताउनुभयो ।

निकुञ्जसँग जोडिएको पर्सा, बारा र मकवानपुर जिल्लाका डिभिजन वन कार्यालयको समन्वयमा समुदायस्तरमा अभियान सञ्चालन गरिएको निकुञ्ज प्रमुख खतिवडाको भनाइ छ । उहाँका अनुसार अभियानअन्तर्गत समुदायको अग्रसरतामा वन्यजन्तुको महत्त्वबारे जनचेतना जगाउने, वन्यजन्तुबाट कसरी बच्ने, समस्या पर्दा कसरी समाधान गर्ने, राहत प्राप्त गर्ने विधिबारे अन्तर्क्रिया तथा छलफल कार्यक्रम सञ्चालन भइरहेको छ ।

"कहिलेकाहीँ आहारको खोजीमा बाघ जङ्गलबाट निस्किन्छ, बाघलाई देख्नेबित्तिकै मान्छेमा नकारात्मक सोच आइहाल्छ", प्रमुख खतिवडाले भन्नुभयो, "त्यसैले बाघप्रति समुदायमा सकारात्मक सन्देश दिने र बाघबाट जोगिने विधिबारे सचेतना जगाउन अभियान चलाएका छौँ ।" बाघ हाम्रो शत्रु होइन, उसको पनि अस्तित्व हुन्छ, त्यही भएर बाघलाई देखाएर पर्यापर्यटन प्रवर्द्धन गर्न सकिन्छ भने सकारात्मक कुरा फैलाउन अभियान सञ्चालन गरिएको उहाँको भनाइ छ ।

जङ्गलमा डढेलो लगाउने, चोरी तस्करी गर्नेलगायतका नागरिकको आनीबानीका कारण वन्यजन्तुहरू जङ्गल बाहिर निस्किँदा मानव-वन्यजन्तुबिच द्वन्द्व हुने गरेको उहाँले बताउनुभयो । ***(रासस)***

# महाकाली अस्पतालमा मिर्गौला पीडितको चाप

महेन्द्रनगर, २७ साउन । मिर्गौला पीडित बिरामीको चाप बढेपछि कञ्चनपुरको महेन्द्रनगरस्थित महाकाली प्रादेशिक अस्पतालले तेस्रो सिफ्ट (राति) मा पनि 'डायलाइसिस' सेवा सञ्चालन गर्ने तयारी गरेको छ ।

अस्पतालमा डायलाइसिस सेवाका लागि शय्या, मेसिन र जनशक्तिको अभाव हुँदा मिर्गौला पीडित बिरामीलाई सेवा दिन समस्या भइरहेको छ ।

महाकाली प्रादेशिक अस्पतालका प्रवक्ता डा अर्जुन भट्टले बिरामीको चापअनुसार जनशक्ति, शय्या र मेसिनको व्यवस्थापन गरी सेवा सहज बनाउन प्रयास भइरहेको जानकारी दिनुभयो ।

"१० वटा बेड छन्, दैनिक १८ देखि १९ जनालाई डायलाइसिस सेवा दिनुपर्ने अवस्था छ", डा. भट्टले भन्नुभयो, "जनशक्ति लगायतका विषयमा संरचना विस्तारका लागि माथिल्लो निकायसँग छलफल भइरहेको छ ।"

उहाँका अनुसार दैनिक २० देखि २५ जना बिरामी डायलाइसिसका लागि अस्पताल आउने गरेका छन् । डायलाइसिस सेवामा कार्यरत तथा सम्पर्क व्यक्ति यशोदा गिरीले बिरामीको चापलाई ध्यानमा राखेर दैनिक तीन शत्रमा सेवा सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिनुभयो ।

"अहिले बिहान र बेलुकी गरी दुई सिफ्टमा डायलाइसिस सेवा दिइरहेका छौँ", उहाँले भन्नुभयो, "रातिको समयमा पनि सेवा दिने गरी जनशक्ति र आवश्यक उपकरण व्यवस्थापनको काम अघि बढेको छ ।" अस्पतालमा सेवा पाउन नसक्ने अवस्थामा बिरामी धनगढीलगायत अन्यत्र जाने गरेको उहाँले बताउनुभयो ।

महाकाली प्रादेशिक अस्पताल व्यवस्थापन समितिका सदस्य इन्द्र साउदले कोरोना महामारीका बेला प्रयोगमा ल्याइएको ल्याबको भवनबाट अहिले डायलाइसिस सेवा सञ्चालन भइरहेको बताउनुभयो । उहाँका अनुसार जनशक्तिको अभावका कारण रातिको सत्र सञ्चालन गर्न सकिएको छैन । "डायलाइसिसका लागि जनशक्तिको निकै अभाव छ", उहाँले भन्नुभयो, "रातिको सिफ्ट सञ्चालन गर्न प्रदेश र सङ्घीय सरकारसँग आवश्यक जनशक्ति उपलब्ध गराउन आग्रह गरिरहेका छौँ ।" अस्पतालमा डायलाइसिस सेवा लिन आउने बिरामीको चाप अत्यधिक बढेको उहाँले बताउनुभयो । ***(रासस)***


# बिहान मात्रै कक्षा सञ्चालन गर्ने निर्देशन

वीरगञ्ज (पर्सा), २७ साउन । अत्यधिक गर्मी बढेपछि वीरगञ्जका विद्यालयमा दुई दिन बिहान मात्रै कक्षा सञ्चालन हुने भएको छ ।

वीरगञ्ज महानगरपालिकाले पछिल्लो समय अत्यधिक गर्मी बढेकाले महानगर क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयमा दुई दिन बिहान मात्रै कक्षा सञ्चालन गर्न निर्देशन दिएको छ । महानगरपालिकाको शिक्षा महाशाखाले आज सूचना जारी गर्दै विद्यार्थीको स्वास्थ्यलाई मध्यनजर गरी यही साउन २८ र २९ गते विद्यालयमा बिहानको समयमा मात्रै कक्षा सञ्चालन गर्न निर्देशन दिएको हो ।

"आकस्मिक रूपमा अत्यधिक गर्मी बढेकाले विद्यार्थीको स्वास्थ्यलाई मध्यनजर गर्दै यही साउन २८ र २९ गते अनिवार्य रूपमा बिहानी सत्रमा बिहान ६:०० बजेदेखि ०९:३० बजेसम्म सम्पूर्ण विद्यालयले कक्षा सञ्चालन गर्नु गराउनुहुन आदेशानुसार जानकारी गराइन्छ", महानगरपालिकाद्वारा जारी सूचनामा उल्लेख छ ।

हार्दिक समवेदना



जन्म
२००८/०६/१५

स्वर्गारोहण
२०८३/०४/२५

यस क्वाठण्डौ युवा क्लब समूहका सदस्य कृष्णराम सुवालकी ममतामयी माता **नानीमैयाँ सुवाल**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**क्वाठण्डौ युवा क्लब समूह**
क्वाठण्डौ- १०, भक्तपुर

**। सम्पादकीय ।**

# सहिदका सपना पूरा गर्ने सरकार कहिले बन्ने ?

देश र जनताको निम्ति ज्यान बलिदान दिनेहरू अमर सहिद हुन् । वि.सं. १९९७ सालमा राणा शासनबाट ज्यान सजाय पाएका गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, दशरथ चन्द अमर सहिद हुन् । सहिदहरूले प्रतिक्रियावादी सरकारको लोभ र डरसँग आत्म समर्पण गर्दैनन् । सहिदको गाथा गाएर सरकारमा गएका प्रम र मन्त्रीहरू कसैले पनि सहिदको सपना पूरा गरेनन् ।

सरकारहरूबाट सहिद घोषणा बढ्दो छ । रास्वपाको बालेन सरकारले साउन १० गते सुनसरीमा सरकारी गोलीको सिकार भएका ओमप्रकाश मेहता, जयप्रकाश मेहता, रवीन्द्रकुमार मेहता तथा सिराहामा साउन १४ गते सरकारी गोली लागेका गणेशकुमार यादवलाई सहिद घोषणा गऱ्यो । तर, रास्वपाको बालेन सरकारले पनि देश र जनताको निःस्वार्थ सेवा गर्ने अमर सहिदहरूको सपना पूरा गर्ने छाँटकाँट छैन, यो सरकार स्वाभाविक ढङ्गले गठन भएको होइन ।

सहिदको सपना विद्यालय शिक्षा निःशुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा निःशुल्क, देशभित्र रोजगारी, स्वास्थ्य सेवा निःशुल्क, देशको सार्वभौमिकता रक्षालगायत मुख्य हुन् । राणा शासन समाप्तिपछि नेपालमा बनेका कुनै पनि सरकारहरूले सहिदका यी सपना पूरा गरेनन् । वर्तमान रास्वपाको बालेन सरकारबाट पनि सहिदका यी सपना पूरा हुने आशा गर्नु व्यर्थ हुनेछ । किनभने, विगत र वर्तमान सरकारबिच मौलिक भिन्नता छैन ।

सहिदका सपना जाति, भाषा, क्षेत्रलगायत साम्प्रदायिक विषय होइन । शासकहरू सहिदलाई साम्प्रदायिकसँग पनि जोड्ने गर्छन् । शासकहरू आफै साम्प्रदायिक भएपछि तिनीहरूबाट साम्प्रदायिक सहिद जन्मनु स्वाभाविक हो ।

सहिदको सपना नेपालीलाई लागूपदार्थ तस्करीको पार गराउने केन्द्र (ट्रान्जिट प्वाइन्ट) बनाउने होइन । तर, शासकहरूले नेपालीलाई लागूपदार्थ- गाजा, चरेस, हेरोइन, अम्डिय, कोकिनलगायत पार गराउने केन्द्र बनाएको सार्वजनिक भइरहेको छ । नेपाल प्रहरी प्रधानकार्यालयका अनुसार आ.व. २०८२/८३ मा नेपालमा ५ हजार ७ सय ९१ ओटा लागूपदार्थसम्बन्धी मुद्दा दर्ता भए । यति धेरै मुद्दामा देशभरिबाट ९ हजार २९२ जना ओरोपी पक्राउ परे । २९ जना महिलासहित ३५८ जना भारतीय नागरिक पनि पक्राउ परे । यो अवधिमा ५० हजार किलो गाजा, ४७४ किलो चरेस, १७ किलो हेरोइन, १४५ किलो अफिम र ९ किलो कोकिन बरामद भयो । लागूपदार्थ कारोबारमा दक्षिण अफ्रिकी देशहरू– नाइजेरिया, इथोपिया, घानालगायत युरोपेली देशसमेत संलग्न भए । प्रहरी सूत्रका अनुसार नेपाल–भारत खुला सीमा पनि लागूपदार्थ तस्करहरूको लागि सहज भयो । पर्यटन उद्योगको विस्तारसँगै नेपाल लागूपदार्थको ट्रान्जिट प्वाइन्ट बन्दै आएको तर्फ पनि सरकारहरूले आँखा चिम्लनु हुँदैन ।

सहिदको सपना नेपाललाई वार्षिक १५-२० खर्ब व्यापार घाटा पार्नु होइन । शासकहरू कृषिलाई आवश्यक मल, बीउ, सिँचाइ, विद्युत्, औजारबारे कुनै एक्स्पो गर्दैनन् बरु विलासी गाडी, बाइकको एक्स्पो गर्छन् । नेपालका वित्तीय संस्थाहरू पनि विदेशी गाडी र बाइक खरिदमा ब्याजदर ५.२५ प्रतिशत र ५.२७ प्रतिशतमात्र भएको सार्वजनिक गर्छन् । शासकहरूले कृषि, शिक्षा र उत्पादनउन्मुख काममा निकै कम ब्याजमा जनतालाई ऋण उपलब्ध गराउँदैनन् । यसकारण, नेपालको व्यापारघाटा बढिरहेको हो ।

सहिदको सपना भ्रष्टाचारसम्बन्धी आयोगको प्रतिवेदन सार्वजनिक नै नगर्ने र गरिए पनि दोषीलाई कारबाहीसहित कार्यान्वयन नगर्ने होइन । बालेन सरकारले हालै एनसेलको सेयर खरिद-बिक्रीमा भएको छानबिन प्रतिवेदन २०८० सार्वजनिक गऱ्यो । तर, दोषीलाई कारबाही कहिले हुन्छ पत्तो छैन । बालेन सरकार स्वयम्ले गृहमन्त्रीको स्रोत नखुलेको सम्पत्तिबारे छानबिन गरायो तर प्रतिवेदन सार्वजनिक गरेन र प्रतिवेदन कार्यान्वयन हुने भरोसा पनि भएन । सुनसरी र सिराहालगायत तराईमा भर्खरै भएको घटनाबारे प्रतिवेदन बुझ्न नचाहेको सरकारले दोषीमाथि कारबाहीको अपेक्षा कसरी गर्ने ? गत भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभर आगजनीसम्बन्धी प्रतिवेदनका दोषीलाई कारबाही गर्न पनि सरकारी संयन्त्रले रुचि देखाएन ।

# भ्रष्टाचार नियन्त्रण र सुशासनको सवाल

✍ **विवेक**

भ्रष्टाचार नियन्त्रण र सुशासनको नारा दिएर रास्वपा सरकारमा पुगेको ४ महिना बितिसकेको छ । तर, जनताले अनुभूत गर्ने गरी कुनै क्षेत्रमा पनि सकारात्मक सन्देश दिन सकिएको छैन । सरकारले पूर्वमन्त्री र प्रधानमन्त्री तथा पदाधिकारीहरूलाई पक्रने र छोड्ने क्रम जारी राखेको छ । सरकार भ्रष्टाचारीहरूलाई कारबाहीभन्दा पनि चर्चाकै लागि काम गरिरहेको देखिँदै छ । यो राम्रो सङ्केत होइन ।

सरकारले हरेक व्यक्तिको विषयमा राम्रो अनुसन्धान गरेरमात्र पक्राउ गरेको भए थोरै धरौटी वा बिनाधरौटी छोड्नुपर्ने अवस्था आउँदैनथ्यो होला । प्रमाणबिना अदालतले कसैलाई थुन्न मिल्दैन । जथाभावी सरकारले पक्राउ गर्दैमा अदालतले थुनामा राख्ने होइन । अदालत प्रमाणको आधारमा काम गर्छ । कानुनी प्रक्रियाबिना पक्राउले सरकारकै बदनाम भइरहेको छ । एमालेका उपाध्यक्ष विष्णु पौडेल पक्राउ पछिल्लो उदाहरण हो । उनलाई सुर्खेतबाट पक्रेर रातारात काठमाडौँ ल्याइयो । २० करोडभन्दा बढीको बिगो दाबी गर्दै उनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरियो । अदालतले बिनाधरौटी छोड्यो । उनीविरुद्ध भ्रष्टाचार गरेको कुनै आधिकारिक प्रमाण पेस नसकेकै कारण छोडिएको हुन सक्छ । सरकारले भ्रष्टाचारीहरूलाई कारवाही गर्ने चाहेको हो भने समय लिएर राम्रो अनुसन्धान गरी प्रमाणसहित मुद्दा दर्ता गर्नुपर्ने थियो । एकपटक अदालतले छोडेपछि सोही विषयमा फेरि मुद्दा चलाउन मिल्दैन । सरकार चर्को चर्को कुरा गरेर हचुवाको भरमा मुद्दा दर्ता गरेर कतै भ्रष्टाचारीहरूलाई उन्मुक्ति दिन त खोजिरहेको छैन भन्ने प्रश्न पनि उठ्न थालेको छ ।

हाकिमदेखि शौचालयमा काम गर्ने कर्मचारीसम्मले सेटिङ मिलाएर भ्रष्टाचार गर्छन् भने त्यो नीतिगत भ्रष्टाचार हो । विमानस्थलबाट किलोका किलो सुन अवैध रूपमा कसरी छिर्छ ? मन्त्रीदेखि निगमका महानिर्देशक, प्रहरी प्रशासन, चेक जाँच गर्ने कर्मचारी, शौचालयसम्मका कर्मचारीसम्म नमिली त्यो सम्भवै हुँदैन । चार्ल्स शोभराजले एकपटक नेपालको विमानस्थलबाट 'हात्ती पनि छिराउन सकिन्छ' त्यसै भनेको थिएन होला ।

बढी भ्रष्टाचार हुने क्षेत्रमध्ये मालपोत कार्यालय पनि एक हो । एकपटक भक्तपुर मालपोत कार्यालयका कार्की थरका प्रमुख मालपोत अधिकृतले भनेका थिए- "हामी एक्लै पैसा खाँदैनौँ । राष्ट्रपतिसम्म पुग्छ पुर्दैन त्यो मलाई थाहा छैन; प्रधानमन्त्रीसम्म त पुग्छ पुग्छ ।" भक्तपुर नगरपालिकाका वडा सचिव र कर्मचारीहरू बिचमा उनले त्यसो भनेका थिए । त्यतिबेला एमालेका तत्कालीन महासचिव माधव नेपाल प्रधानमन्त्री र मालेको तर्फबाट डम्बर श्रेष्ठ भूमिसुधार मन्त्री थिए । केही समयपछि मन्त्री श्रेष्ठ भक्तपुर आउने क्रममा ती नै कर्मचारीहरूबिच प्रमुख मालपोत अधिकृतले भनेको कुरा राख्दा उनले असहज महसुस गरेका थिए । पछि बालुवाटार जग्गा प्रकरणमा माधव नेपाल र श्रेष्ठ दुवैविरुद्ध भ्रष्टाचार मुद्दा चलाइयो ।

विद्यमान कानुनी बन्दोबस्त मन्त्रीहरूलाई चोरलाई चौतारी भएको छ । कानुनमा अख्तियारलाई दुरुपयोग निवारण आयोगलाई मन्त्री परिषद्को निर्णयमा अनुसन्धान गर्ने अधिकार दिइएको छैन । मन्त्रीहरूले अख्तियारबाट बच्नकै लागि मन्त्री स्तरीय निर्णयहरूसमेत मन्त्रिपरिषद्मा लाने गरेका थुप्रै उदाहरणहरू छन् । ख्वप कलेज अफ इन्जिनियरिङअन्तर्गत कम्प्युटर विषयको अध्यापनमा इन्जिनियरिङ काउन्सिलको स्वीकृतिका लागि साढे तीन वर्ष दुःख दिनु यसको ताजा उदाहरण हो । कलेज प्रशासनका पदाधिकारीहरूले मन्त्री, सचिवहरूसँग पटक-पटक भेटेर छलफल गरे । विभिन्न बहानामा कलेजलाई सास्ती दिइयो । लामो समयपछिमात्र काउन्सिलले मन्त्रिपरिषद्को निर्णयअनुसार स्वीकृति दियो । त्यो ख्वप कलेज अफ इन्जिनियरलाई दुःख दिनकै लागि मन्त्रिपरिषद्मा लगेको भन्ने कुरा पछि थाहा भयो । किनभने, कलेजको एउटा विषय थपको फाइल न त्यसभन्दा अगाडि कुनै मन्त्रीले मन्त्रिपरिषद्मा लगेका थिए न त्यसपछि नै लगियो । भक्तपुर नगरपालिकालाई बदनियतवस दुःख दिनकै लागि मन्त्रिपरिषद्मा पुऱ्याएको शिक्षाविद्हरूको भनाइ छ । अनाहकमा कसैलाई दुःख दिनु स्वयं एक भ्रष्टाचार हो ।

सरकारमा जाने दलका नेताहरू गृहमन्त्री हुनमा किन लालायित हुन्छन् भने मन्त्रीले बिलबिनै दिनको लाखौँको सुराकी खर्च बुझ्ने सुविधा पनि रहेछ । कमल थापा गृहमन्त्री हुँदा उनले प्रतिदिन ५ लाख सुराकी भत्ता बुझेको समाचार सार्वजनिक भएको थियो । त्यो क्रम पछिल्ला मन्त्रीहरूसम्म चलेको थियो ।

कानुन बनाएर बैठक भत्ता वा अन्य सुविधाको नाउँमा राज्यको पैसा वितरण गर्नु पनि नीतिगत भ्रष्टाचार हो । पहिले विद्युत् प्राधिकरण सधैँ घाटामा गएको प्रचार गर्थ्यो । तर, त्यहाँका कर्मचारीहरूले अन्य सरकारी कार्यालयको भन्दा बढी सेवा सुविधा लिएको बारेमा पटक-पटक आलोचना भएको थियो । एमालेका पालामा निगमका प्रमुख भएका लोककृष्ण भट्टराईले प्रतिव्यक्ति खाजा खर्चको बिल ५ हजार ५ सयको आएको सार्वजनिक गरेका थिए । उनले पाँचतारे होटलबाट खाजा मगाउने गरेकोमा असन्तुष्ट व्यक्त गरेका थिए । प्राधिकरण समितिका पदाधिकारी तथा सदस्यहरू बैठक भत्ता नै ११ हजार बुझ्थे । त्यो पनि हप्ताको २ पटक बस्ने गर्थ्यो । नेपाल आयल निगम पनि देश डुबाएर पदाधिकारीहरूले सुविधा लिने अर्को सरकारी संस्था हो । बैठक भत्ता ७ हजार बुझ्ने गरेको तत्कालीन आपूर्तिमन्त्री श्यामसुन्दर गुप्ताले एक प्रसङ्गमा भनेका थिए ।

मन्त्री बन्ने भनेको देश र जनताको सेवाको निम्ति हुनुपर्ने हो तर यहाँ भ्रष्टाचार गर्नको निम्ति जस्तो भएको छ ।

विगतका सरकारहरूले राम्रो काम गरेको भए नेपालको आर्थिक विकास अहिलेभन्दा धेरै अगाडि बढिसकेको हुने थियो । कृषिप्रधान देशमा अहिलेसम्म रासायनिक मल कारखाना स्थापना भएको छैन । मन्त्रीहरूले मलमा कमिसन खानकै लागि मल कारखाना स्थापना गर्न नचाहेका हुन् । राधाकृष्ण मैनाली एमालेको तर्फबाट कृषिमन्त्री हुँदाका बखत कोरियाबाट मल ल्याउन दुई देशबिच सम्झौता भयो । उनले मल ल्याउने कम्पनीहरूलाई लागतभन्दा बिलमा १० प्रतिशतभन्दा बढी राखेर ल्याउन भनेको कुरा बाहिरियो । त्यसबारे उठेको एक प्रसङ्गमा उनले पानीजहाजमा ल्याउने क्रममा बोरा च्यातिने, मुसाले काट्ने र क्षति हुन सक्ने भएकोले त्यो मिलाउन कोरियाली कम्पनीलाई त्यसो भनेको स्वीकार गरेको उनका निकटहरूले बताए ।

मन्त्री हुनेहरू 'मालदार' मन्त्रालय पाउन लालायित हुने गर्छन् । गृह, भौतिक, अर्थमन्त्रालयलाई मालदार मन्त्रालयको रूपमा लिने चलन छ । पार्टी अध्यक्ष वा सभापति निकट वा प्रधानमन्त्री नजिककालाई ती मन्त्रालयहरूको जिम्मेवारी दिने गरेको विगतको इतिहास छ । जनताको सेवा गर्ने भावना भएको भए मन्त्रीहरू जुनसुकै मन्त्रालयमा जान पनि तयार हुनुपर्ने होइन र ?

विभिन्न देशले पठाएका विदेशी सहयोग मात्रै राम्रोसँग सदुपयोग भएको भए पनि देशको आर्थिक अवस्था योभन्दा धेरै राम्रो भइसक्थ्यो । विदेशीहरूले नेपालजस्तो देशहरूलाई सहयोग गरेको जस्तोमात्र गर्छन् । प्राविधिक तलब भत्ता वा अन्य विभिन्न रूपमा सहयोगको आधाभन्दा बढी उनीहरूकै देशमा पैसा फिर्ता हुन्छ । एक नेपाली इन्जिनियरले ५०/६० हजार तलब खान्छ भने विदेशीहरू २५/३० लाख तलब खान्छन् । अमेरिका, बेलायत, जापानजस्ता देशहरूले आफ्ना युवाहरूलाई रोजगारी दिनकै लागि पनि विभिन्न देशमा सहयोग पठाइरहेका हुन्छन् ।

भक्तपुर नगरपालिकालाई २०७२ सालपछि जर्मनी सरकारले दिएको १ करोड युरो (झन्डै १ अर्ब २० करोड) अस्वीकार गर्नुको कारण पनि यही हो । भक्तपुरका सम्पदा पुनःनिर्माण र जीर्णोद्धार गर्न उनीहरूकै प्राविधिक टीम बनाउने र त्यसको सिफारिसमा मात्रै निर्माण सामान खरिद गर्ने, प्रमुख प्राविधिकमा उनीहरूकै प्राविधिक राख्ने कुरामा नगरपालिका सहमत भएन ।

अहिले विकास बजेट ५० प्रतिशत पनि खर्च हुन सकेको छैन । त्यो पनि आधाभन्दा बढी त असारे विकासमै खर्च भएको हुन्छ । एक त विकास बजेट नै कम अर्को असारको समयमा ठेकेदारले काम गर्दा के हालत हुन्छ ? यो सबै देशको रकम सिध्याएर भ्रष्टाचार गर्न नै हो भन्ने जनमानसमा छाप परेको छ ।

देश २९ खर्बभन्दा बढी ऋणमा डुबेको छ । विश्व बैङ्क वा एसियाली विकास बैङ्कले ऋण स्वीकृति गर्दा नै परामर्शदाता तोक्छन् । ४०/५० लाख महिनाको तलब खाने उनीहरूकै परामर्शदाता पठाउँछन् र ऋण जति नेपाली जनताको टाउकोमा बोकाएर उनीहरू घर फर्किन्छन् । मेलम्ची खानेपानी आयोजनामा ६० अर्बभन्दा बढी खर्च भइसकेको छ भने अब सिस्नेरी खानेपानीको निर्माण कार्य अघि बढाउन १७० मिलियन डलर (झन्डै २४ अर्ब) ऋण लिन खोज्दै छ ।

सरकारी र निजी बैङ्कहरूबाट ४८ खर्बभन्दा बढी ऋण प्रवाह भइरहेकोमा ९८ जना उद्योगी व्यापारीहरूसँग मात्रै ३१ खर्ब र १८ लाख ऋणीहरूसँग १७ खर्ब भएको तथ्याङ्क केही समयअघि सार्वजनिक भएको थियो । देशको सबै पैसा धनाढ्य भनिएका १०० जनाभन्दा कम उद्योगपतिहरूले प्रयोग गर्दै छन् भने देशको अर्थतन्त्र पनि उनीहरूकै हातमा रहेको बुझ्न सकिन्छ । के यसको छानबिन हुनुपर्ने होइन ?

सरकारले सुशासनको अनुभूति दिने हो भने पहिलो, मन्त्रिपरिषद्को निर्णयहरूको अनुसन्धान गर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दिनुपर्छ, दोस्रो २०४६ सालदेखि आजसम्मका प्रधानमन्त्री, मन्त्री, सांसद, उच्चपदस्थ पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्नुपर्छ । तेस्रो, सरकारीसँगै निजी क्षेत्रका व्यवसायी, उद्योगपति, ठेकेदार, सङ्घ संस्थाका (एनजीओ र आइएनजीओ) सञ्चालकहरूको सम्पत्ति छानबिनको अधिकार अख्तियारलाई दिनुपर्छ । यसले नेपालमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न धेरै हदसम्म सहयोग पुऱ्याउन सक्छ ।

# मेरो आँखामा 'मजदुर' दैनिक

केही मानिसहरू 'मजदुर' दैनिकलाई भक्तपुरभित्रै सीमित रहोस्, भक्तपुरका साना-साना कोठे बैठकहरूको मात्रै समाचार छाप्ने तल्लो स्तरको दैनिक पत्रिका होस् भन्ने चाहन्छन् । कति मानिसहरू त्यसलाई पुँजीवादी पत्रिकाहरूकै समाचारहरू मात्रै छापोस् भन्ने चाहन्छन् । तर, अन्य व्यापक दृष्टिकोण राख्ने, प्रगतिशील आँखाले हेर्ने मजस्ता पाठकहरू 'मजदुर' लाई साम्राज्यवाद र विस्तारवादविरोधी तेस्रो विश्वका दलित र पीडित जनताको हितबारे बारम्बार लेखिएका लेख, समाचारका अंशहरू प्रकाशित भएको हेर्न चाहन्छन् । अरुको श्रम र सम्पत्ति आफ्नो थैलीमा पुगोस् भन्ने नक्कली कम्युनिस्ट र झूटा समाजवादीहरूको मुखपत्र नहोस् 'मजदुर' दैनिक । म 'मजदुर' दैनिकलाई कमाऊ खाऊ भन्ने भावनाबाट प्रेरित भएको हेर्न चाहन्न; कामदार र सचेत नेपाली जनतालाई विश्वका क्रान्तिकारी पक्षका पनि एक हिस्सा बनोस् भन्ने चाहन्छु ।

कहिलेकाहीं 'मजदुर' दैनिकमा जसोतसो पृष्ठ भरियोस् भन्ने खालका लेख, रचना र उत्साहहीन, चाहिने-नचाहिने गन्थनमात्र भएको लेखनी हेर्नुपर्दा झस्कन्छु - के 'मजदुर' दैनिक थाकेकै हो ? वा केही व्यक्तिमात्रै थाकेका हुन् अथवा बाटो बिराएका हुन् ?


केही भन्छन्, २-४ जना जहाँ पनि हिजो राम्रा मानिसहरू थाकेर आफ्नो घर खेतलाई प्राथमिकता दिन पुग्छन्, केही मानिस आफ्नो आम्दानीको स्रोत बलियो भएपछि दुई तोलाको 'कलम' लाई बोझ सम्झन पुग्छन् । त्यस्ता व्यक्तिहरू 'मजदुर' दैनिक छोडेर गई 'कमाउ' धन्दामा लागेका छन् र कामदारविरोधी लाममा पुगेका छन् । तर, आँधी आउँदा सुकेका पातहरू झर्छन् । पुनः झरेका पातहरूको ठाउँमा वसन्तमा नयाँ पालुवाहरूले ठाउँ लिन्छन् र हेर्दाहेर्दै वातावरण नै हरियो र आनन्द लाग्दो स्थितिमा गाउँ र सहरहरू पुग्छन् ।

तर, आफ्नै घरमा चोरी हुँदा केही नभएको जस्तो बस्ने परिवारका सदस्यहरू जस्तै प्रेसमाथि हमला हुँदा वा प्रेसमा चोरी हुँदा पहिले आफ्नो खल्ती छामेर मेरो पैसा त हराएको छैन भन्ने परिवारका सदस्यहरू पनि यदाकदा सुन्नमा आउँछ ।

तर, जनताको आँखा दूरवीनसरह हुन्छ भनेजस्तै को कता गयो, को विदेश पलायन भयो भनी जनताले हिसाबकिताब गरेकै हुन्छ भन्ने मानिसहरूको पनि कमी छैन । कसैले अनुमान लगाउँछन्, 'काँक्रोबारीको बारले नै काँक्रो चोरेपछि', 'आफ्नै घरको सुगाले सुनको हार चोरे पछि' कसको के लाग्छ ?

जनता सधैँ मौन बस्दैनन् । यसकारण, सबैले आ-आफ्नो धर्म र सिद्धान्तलाई चालू राख्नु उपयुक्त हुन्छ । स्वार्थी भावना त्यागौँ र 'मजदुर' दैनिक पहिलेभन्दा अझ राम्रो बनोस् भन्ने भावना सबै ग्राहकहरूमा पुगोस् भन्ने कामना गर्न चाहन्छु ।

*- एक नियमित पाठक*



**पाठक पत्र**



पश्चिमी लिबियाको जवियास्थित जविया तेल रिफाइनरीमा इन्धन भण्डारण गर्ने टयाङ्क जलिरहेको दृश्य अगस्ट ११, २०२६ का दिन । लिबियामा दुई सैनिक खेमाबिच भइरहेको भिडन्तका क्रममा उक्त तेल प्रशोधन केन्द्रलाई सिधा निशाना बनाएको लिबियाको नेसनल आयल कर्पोरेसनले जनाएको छ ।

*तस्बिर : सिन्ह्वा/एसटीआर*

# स्टेट अफ हर्मुजमा नाकाबन्दी तोड्ने प्रयास गर्ने जहाजमा अमेरिकी आक्रमण

अबुधावी, २७ साउन (एएफपी) । स्टेट अफ होर्मुजमा अमेरिकी नाकाबन्दी तोड्ने प्रयास गर्ने कार्गो जहाजमा अमेरिकी हेलिकप्टरले मिसाइल प्रहार गरेको अमेरिकी सेनाले जनाएको छ ।

युएस सेन्ट्रल कमान्ड (सेन्टकम) ले सामाजिक सञ्जाल एक्समा अमेरिकी नौ -सेनाको एमएच-६० हेलिकप्टरले एम/भि वेला नोभा कार्गो जहाजले अमेरिकी सेनाले बारम्बार जारी गरेको चेतावनीलाई बेवास्ता गरी अगाडि बढ्ने प्रयास गरेपछि आक्रमण गरी अघि बढ्न नदिएको जनाएको छ ।

गत जुलाई -१४ मा इरानी बन्दरगाहमा अमेरिकी नाकाबन्दी पुन:स्थापित गरेपछि इरान विरुद्धको एक महिना लामो युद्धमा अमेरिकाले जबरजस्ती जहाज रोकेको यो तेस्रोपटक भएको जनाइएको छ ।

सेन्टकमले मङ्गलबारसम्म नाकाबन्दीको बेवास्ता गरी अगाडी खोज्ने तथा यस बन्दरगाहामा सञ्चालित अन्य जहाजलाई पुन: निर्देशित गरेको बताएको छ ।

सेन्टकमका अनुसार अमेरिकी सेनाले यस अघि अप्रिल -१३ देखि जुन -१८ सम्ममा इरानी बन्दरगाहहरू अवरुद्ध गरेको थियो, यस अवधिमा उनीहरूले नौवटा कार्गो जहाजहरू निश्क्रिय पार्नुका साथै १४० भन्दा बढी जहाज पुन: निर्देशित गरेको जनाइएको छ ।

इरानले युद्धअघि तेल र ग्याँस ढुवानीका लागि प्रमुख मार्गको रूपमा रहेको स्टेट अफ हर्मुज पुन: खोल्नको लागि आफ्नो मुख्य सर्तको रूपमा संयुक्त राज्य अमेरिकाले इरानी बन्दरगाहमा जारी नाकाबन्दी समाप्त गनु पर्ने माग गरेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने बारम्बार रणनीतिक जलमार्ग हर्मुज संयुक्त राज्य अमेरिकाको कब्जा रहेको दावी गर्दै नाकाबन्दी जारी रहने अडान दोहोऱ्याइरहेका छन् ।


## समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.

महेश्वरीस्थान, भ.न.पा.-८, भक्तपुर, फोन नं.: ०१-६६१९३३२, ६६१९८४०

### कर्जा चुक्ता गर्न आउनेबारे ३५ दिने सूचना

प्रकाशित मितिः २०८३/०४/२८ गते

यस सहकारी संस्थाबाट तपसिलमा लेखिएका तपाईं ऋणी सदस्यहरूले लिनुभएको कर्जाको सावाँ ब्याज तिर्ने बुझाउने संस्थासँग गरिएको सर्तबमोजिम लिएको कर्जाको सावाँ ब्याज हर्जानालगायतका रकम नतिरी नबुझाई ऋण कर्जासम्बन्धी सर्त बन्देजहरू उल्लङ्घन गरी भाका नघाई बस्नुभएकोले पटकपटक मौखिक, टेलिफोन, मेसेज, पत्राचार र सूचनामार्फत कर्जा चुक्ता गर्न आउन ताकेता तथा सूचना गर्दा पनि तिर्न बुझाउन नआई कुनै चासोसमेत नदेखाई अटेर गरी बसी आएकोले कर्जा चुक्ता गर्न आउनेबारे यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको ऋणको सम्पूर्ण सावाँ, ब्याज, बिलम्ब शुल्क, हर्जना, अन्य दैदस्तुर बक्यौतासमेत तिर्नु बुझाउनुहोला । अन्यथा सहकारी ऐन, सहकारी नियमावली तथा यस संस्थासँग गरिएको ऋण सर्त लिखतबमोजिम यस संस्थाको लेना रकम धितो सुरक्षणमा राखिएको घर/जग्गा सम्पत्तिबाट लिलाम बिक्री गरी असुलउपर गरी लिने व्यहोरा जानकारी गराइन्छ । कथमकदाचित सो धितो सम्पत्तिबाट नखामेमा नखामेको बक्यौता कर्जाको रकमसमेत तपाईं र तपाईंको परिवारका नाममा रहेको चलअचल जायजेथा सम्पत्तिबाट लिलाम बिक्री गरी असुलउपर गरी लिने व्यहोरा यो सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं | ऋणीको विवरण | ऋणीको फोटो | धितो दिनेको नाम थर र धितो सुरक्षणको घरजग्गा विवरण |
|---|---|---|---|
| १. | ऋणीको नाम : कमला सैंजु<br>पिताको नाम : कान्छा तुईतुई<br>पतिको नाम : रामेश्वर सैंजु<br>ससुराको नाम : गोपीलाल सैंजू<br>ठेगाना : साबिक भ.न.पा वडा नं. २ हालको परिवर्तित वडा नं. ८<br>ना.प्र.नं. : १६६९५ |  | जग्गाधनीको नाम : कमला सैंजु<br>पिताको नाम : कान्छा तुईतुई<br>जग्गाको विवरण : भूमि प्रशासन कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका सबिक वडा नं. २ 'ङ' हालको परिवर्तित वडा नं. ८ कि.नं १३६, क्षे.फ. ०-३-१-० लिगापातसमेत पूरै । |
| २. | ऋणीको नाम : मनिस गाइजु<br>बुबाको नाम : छत्रबहादुर गाइजु<br>बाजेको नाम : कुलबहादुर गाइजु<br>ठेगाना : साबिक भ.न.पा वडा नं. २ घर भई हाल वडा नं. ४ बस्ने<br>ना.प्र.नं. : ००९७६ |  | जग्गाधनीको नाम: मनिस गाइजु<br>बुबाको नाम : छत्रबहादुर गाइजु<br>जग्गाको विवरण : भूमि प्रशासन कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, ताथली वडा नं. ९ 'ट' कि.नं. १४२३, क्षे.फ. ०-९-१-२ लिगापातसमेत पूरै । |
| ३. | ऋणीको नाम : सुभद्रा गाइजु<br>पिताको नाम : गणेशभक्त बाटी<br>पतिको नाम : मनिस गाइजु<br>ससुराको नाम : छत्रबहादुर गाइजु<br>ठेगाना : साबिक भ.न.पा वडा नं. २ घर भई हाल वडा नं. ४ बस्ने<br>ना.प्र.नं. : २११२२ |  | जग्गाधनीको नाम : मनिस गाइजु<br>बुबाको नाम : छत्रबहादुर गाइजु<br>जग्गाको विवरण : भूमि प्रशासन कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, ताथली वडा नं. ९ 'ट' कि.नं. १४२३, क्षे.फ. ०-९-१-२ लिगापातसमेत पूरै । |
| ४. | ऋणीको नाम : दिनेश मानन्धर<br>बुबाको नाम : कृष्णबहादुर मानन्धर<br>बाजेको नाम : आसबहादुर मानन्धर<br>ठेगाना : भ.न.पा. वडा नं. ७ घर भई हाल वडा नं. १० बस्ने<br>ना.प्र.नं. : २९/०१/०६५/०२६२० |  | जग्गाधनीको नाम : तीर्थमाया मानन्धर<br>पतिको नाम : कृष्णबहादुर मानन्धर<br>घरजग्गाको विवरण : भूमि प्रशासन कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका साबिक वडा नं. ४ 'ढ' हाल परिवर्तित वडा नं. १० कि.नं. ६४, क्षे.फ.०-२-३-२ लिगापातसमेत पूरै । |


# इन्डोनेसियामा डुङ्गामा आगलागी, ११२ जनाको उद्धार

जाकात्रा, २७ साउन (सिन्ह्वा) । इन्डोनेसियाको पश्चिम नुसा तेङ्गारा प्रान्तको लोम्बोक टापुको पानीमा बुधबार 'पुत्री यास्मिन' नामक यात्रुवाहक डुङ्गामा आगलागी भएपछि डुङ्गामा सवार ११२ जनालाई उद्धार गरिएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

एक स्थानीय अधिकारीलाई उदृत गर्दै मिडियाले जनाए अनुसार नजिकैको डुङ्गाले ३६ जनालाई उद्धार गरेर बालीमा फिर्ता ल्याएको थियो भने खोजी तथा उद्धार एजेन्सीको जहाजले ५९ जनालाई उद्धार गरेको जनाएका छन् । नौसेनाको एउटा जहाजले थप १७ जनालाई पानीबाट उद्धार गरेको जनाएको छ ।

डुङ्गामा ११४ जना यात्रु र १७ जना चालक दलका सदस्य रहेको अधिकारीहरूलाई उद्धृत गरीले स्थानीय मिडियाले जनाएका छन् भने यात्रु तथा चालक दलका सदस्यहरूको हताहत भएको कुनै पनि खबर हालसम्म पुष्टि भएको छैन ।

पुत्री यास्मिन डुङ्गा बालीबाट नजिकैको टापु लोम्बोकतर्फ जाँदै गर्दा आगलागी भएको तथा आगलागीको कारण अझैसम्म स्पष्ट हुन नसकेको जनाइएको छ ।

## विश्व सङ्क्षेप

# चान-होम चक्रवात पूर्वी जापानमा अवतरण

टोकियो, २७साउन (सिन्ह्वा) । पश्चिमतर्फ सर्दै गरेको चान-होम चक्रवात पूर्वी जापानी प्रान्त इबाराकीमा बुधवार अवतरण गरेको जापानको मौसम विज्ञान विभाग (जेएमए) ले जनाएको छ ।

जापानमा चान-होम उल्लेखनीय रूपमा कमजोर भएको समयमा पनि मौसम विज्ञान विभागले यसको लामो प्रभावका कारण उत्तरपूर्वको तोहोकु क्षेत्र र टोकियोलगायत कान्टो-कोसिन क्षेत्रका नदीहरूमा सम्भावित बाढीको चेतावनी जारी गरेको छ ।

यस वर्षको १५ औं टाइफुन, पूर्वबाट पश्चिममा सर्दै टोकियोको उत्तरपूर्वको इबाराकी प्रान्तमा अवतरण गर्ने पहिलो चक्रवात भएको जेएमएले जनाएको छ ।

चक्रवातका कारण उत्तरपूर्वी जापानको इवाटे प्रान्तमा दुई जना, साथै इबाराकी प्रान्तमा चार जना र तोचिगी प्रान्तमा एक जना गरी सात जना घाइते भएको जिजी प्रेसले बुधबार आगो र प्रकोप व्यवस्थापन विभागलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ ।

मौसम अधिकारीहरूले तोहोकु, टोकाईको मध्य क्षेत्र र पश्चिममा किन्की क्षेत्रमा २४ घण्टामा १२० मिमीसम्म वर्षा हुने पूर्वानुमान गरेका छन् ।

# लालसागरमा यमनी जहाजमा हुथी आक्रमण, छ जनाको मृत्यु

यमन, २७ साउन (एएनआई) । लाल सागरको बाब अल-मन्डेब स्ट्रेटमा व्यापारिक यमनी जहाजमा हुथी विद्रोहीहरूले गरेको मिसाइल आक्रमणकमा कम्तिमा छ जनाको मृत्यु भएको यमन सरकारले जनाएको छ ।

यमन सरकारको यातायात मन्त्रालयका अनुसार हुथी विद्रोहीहरूले खाना ढुवानी गर्ने सानो मालवाहक जहाज तिहामामा तिनवटा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेका थिए ।

ब्यालेस्टिक क्षेप्यास्त्र आक्रमणले आगलागी निम्त्याएपछि चारजना चालक दलका सदस्य, तीनजना पाकिस्तानी नागरिक र एकजना इन्डोनेसियाली नागरिक र अन्य चारजना चालक दलका सदस्यहरूका साथै एक जना उद्धारकर्मी घाइते भएको मन्त्रालयलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ ।

अनुसन्धान र उद्धार अभियान सुरु भएपछि पनि हुथीहरूले दोस्रोपटक जहाजमा प्रहार गरेर उद्धार टोलीसहित जहाजमा रहेका यात्रुहरूको जीवन खतरामा पार्नेसमेत प्रयास गरेको जनाइएको छ ।

यमनको तटरक्षकले मृतकमध्ये दुईजना उद्धारकर्मीहरूसमेत रहेको पुष्टि गरेको छ । प्रारम्भिक समयमा यमनी अधिकारीहरू र समुद्री गुप्तचर समूह मारिस्कले पहिलोपटक साउदीको स्वामित्वमा रहेको जहाजमा आक्रमण भएको रिपोर्ट गरेका थिए । यद्यपि, मरीन ट्राफिकको तथ्याङ्कले तिहामाह तान्जानियामा यात्रा गरिरहेको र इजिप्ट र यमनमा दर्ता भएका कम्पनीहरूको स्वामित्वमा रहेको जहाजमा आक्रमण भएको जनाइएको छ ।

यसैबिच, पाकिस्तान, टर्की र साउदी अरबबिच भर्खरै घोषणा गरिएको मक्का संयुक्त रक्षा सम्झौता यमनका इरान समर्थित हुथी विद्रोहीहरूले जाजानको अरामको प्रशोधन केन्द्रमा आक्रमण गरेपछि असफल भएको जनाइएको छ ।

सादा र हजाह प्रान्तहरूमा साउदी ड्रोन अपरेसनको बदलामा हुथी समूहले प्रतिआक्रमणमा प्रशोधन सुविधा लक्षित गरेको कारण जाजानको अरामको प्रशोधन केन्द्रमा आइतबार आगलागी सुरु भएको हुथी सैन्य प्रवक्ता याह्या सारीले बताउनुभएको छ ।

साउदी अरबको ऊर्जा मन्त्रालयले पछि आगलागीको पुष्टि गर्दै यसलाई नियन्त्रणमा लिएको बताएको छ ।

# लिबियामा द्वन्द्व अन्त्य गरी हिंसाका लागि जवाफदेही हुन राष्ट्रसङ्घको आह्वान

त्रिपोली (लिबिया), २७ साउन (सिन्ह्वा) । संयुक्त राष्ट्र सहायता मिसन (युएनएसएमआईएल) ले लिबियाको पश्चिमी सहर जावियामा भएको झडपलाई तत्काल रोक्न र हिंसाका लागि जिम्मेवार व्यक्तिहरूले जवाफदेहिता अपनाउन आह्वान गरेको छ ।

एक विज्ञप्तिमा मिसनले जावियामा चलिरहेको झडप र सोर्मन सहरमा लडाइँको निन्दा गर्दै सम्बन्धित सबै पक्षहरूलाई शत्रुता अन्त्य गर्न र तनाव बढाउन सक्ने कुनै पनि उत्तेजक कार्यहरूबाट टाढा रहन आग्रह गरेको छ ।

विज्ञप्तिमा उक्त झडपले सर्वसाधारणलाई जोखिममा पारेको उल्लेख गर्दै लडाइँको क्रममा निर्दोष नागरिकको मृत्यु भएको र कयौं घाइते भएको जनाइएको छ । साथै निजी तथा सार्वजनिक सम्पत्तिलगायत महत्त्वपूर्ण पूर्वाधारमा व्यापक क्षति पुगेको जनाइएको छ ।

मिसनले सार्वजनिक सुरक्षामा चिन्ता व्यक्त गर्दै सोरमानमा भएको झडपले धेरै कैदीहरू भाग्न सक्ने अवस्था पनि निम्त्यायो उल्लेख गरेको छ ।

मिसनले सबै पक्षहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुन र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको पालना गर्न आग्रह गर्दै मानव बसोबास भएका क्षेत्रहरूमा वा नजिकै हतियारको प्रयोग अस्वीकार्य भएको कुरामा जोड दिएको छ ।

यसले लिबियाका अधिकारीहरूलाई मानव वसोवास भएका क्षेत्रहरूबाट हतियारहरू फिर्ता लिन, सहमति गर्ने प्रयासहरूलाई समर्थन गर्न, थप हिंसा रोक्न र नागरिकका र महत्त्वपूर्ण पूर्वाधारको रक्षा गर्न एक समन्वित संयन्त्र स्थापना गर्न पनि आह्वान गरेको छ ।

# डोरबहादुर बिष्टका कथाहरू

✍ गंगा वैद्य

प्राध्यापक डोरबहादुर बिष्ट मानवशास्त्री र समाजशास्त्रीहरूका लागि एक चिरपरिचित नाम हो । उनी नेपाली प्रसिद्ध मानवशास्त्री हुन् । 'सबै जातका फूलबारी' उनको प्रसिद्ध पुस्तक हो । यस पुस्तकमा नेपालका विभिन्न जातजाति र तिनीहरूका रहनसहन तथा चालचलनका बारेमा व्याख्या गरिएको छ । उनको अर्को पुस्तक 'भाग्यवाद र विकास' ले नेपाली समाजमा रहेको भाग्यवादी सोच र त्यसले देशको आर्थिक तथा सामाजिक विकासमा पारेको नकारात्मक प्रभावबारे गहिरो विश्लेषण गरेको छ । उनी एकजना साहित्यकार पनि हुन् । 'सोताला' उनको प्रसिद्ध उपन्यास हो । यस उपन्यासमा काठमाडौँका नेवार व्यापारीहरू (ल्हासा साहु) ले तिब्बतको ल्हासासँग गर्ने ऐतिहासिक व्यापार र पारवाहनको चित्रण गरिएको छ । प्राध्यापक बिष्टले विभिन्न कालखण्डमा लेखेका १६ वटा कथाहरू डोरबहादुर विष्टका कथासङ्ग्रह हिमाल किताबले २०७२ सालमा प्रकाशित गर्‍यो । यस कथासङ्ग्रहमा तत्कालीन नेपाली समाजलाई पढ्न र बुझ्न सकिन्छ ।


'ता कर्बु' हिमाली क्षेत्रका बासिन्दाहरूको कथा हो । यो कथा एउटा सेतो घोडा र त्यसको मालिक ग्युर्मीको कथा हो । हिमाली भेकमा जसको बढी चौरी र भेडा हुन्थ्यो उसलाई त्यस भेगको सम्पन्न व्यक्ति मानिन्थ्यो । कथाका पात्र ग्युमीसित अरुका भन्दा कम चौरी र भेडा थियो । त्यसैले उसलाई कहिलेकाहीँ हिनताबोधले सताउँथ्यो तर गाउँमा चौरी र भेडाको भन्दा उसको सेतो घोडाको बढी चर्चा हुन्थ्यो । यही कारण उसलाई परिवारको भन्दा बढी माया घोडाको लाग्थ्यो । कथामा ग्युर्मी र सेतो घोडाबिचको आत्मीय सम्बन्धलाई देखाइएको छ । कथामा विभिन्न ठाउँबाट सरुवा भएर आएका कर्मचारीहरूले पदका आडमा हिमाली भेगका सोझा जनतालाई कसरी शोषण गर्दा रहेछन् भन्ने कुराको जानकारी दिएको छ । कथामा स्थानीय प्रधानपञ्च पनि एकजना कर्मचारीको अगाडि कति निरीह हुँदोरहेछ र दुर्गम भेगमा हुने केन्द्रीकृत शासनको थिचोमिचो देखाइएको छ ।

'वरदान' पश्चिम नेपालको देवकी प्रथा झल्काउने सुन्दर कथा हो । कथाका पात्र केडी स्वयं देवकीकी छोरी हो । देवीलाई चढाएकी देवकीहरूले समाजका प्रतिष्ठित व्यक्तिहरूदेखि लिएर कर्मचारी र स्थानीय मानिसहरूसम्मको तृष्णा मेटाउनुपर्थ्यो । कथाकी पात्र केडी पनि त्यसरी नै हुर्केकी थिई । तर, ऊ त्यो नर्कबाट उम्केर आफ्नै दाम्पत्य जीवन सुरु गर्ने सपना देख्थी । ऊ त्यो रुढीग्रस्त परम्परा र धोत्रिएका धार्मिक आडम्बरलाई च्यात्न चाहन्थी । त्यसैले ऊ देवीसित वरदान माग्न जान्छे । त्यही क्रममा बाटोमा हिँड्दा उसको मनमा खेलेको कुरालाई कथाले राम्रोसँग चित्रण गरेको छ । कथामा जगतबहादुर चन्दलाई वर्षौँपछि देवकीसँगको आफ्नो नाजायज सम्बन्धबाट जन्मेकी केडीलाई छोरी स्वीकार्न लगाउनुले समाजमा कायम रहेको देवकी प्रथाको अन्त्य आवश्यक रहेको कुरालाई देखाइएको छ ।

'दावाङ साङमु' हिमाली भेगको गुम्बाभित्र हुने प्रेमको कथा हो । यो कथा गुम्बाभित्रको निरसलाग्दो जीवनबाट भाग्ने योजना बनाउने एक प्रेमिल जोडीको कथा हो । ङावाङ तेन्जिङ दावाङ साङमुलाई काठमाडौँ गएर व्यापार गरेर पैसा कमाउने र कमाएको पैसाको केही रकम गुम्बालाई दान दिने सपना देखाउँछ । दावाङ साङ्मु नावाङ तेन्जिङले देखाएको काठमाडौँको कल्पनामा हराउँछे । तर, दावाङ साङ्मुलाई काठमाडौँको सपना देखाउने नावाङ तेन्जिङ आफै तपस्या गर्न गुफा पसेको कुरा आफ्नी फुपूबाट सुन्छे । यो कुरा सुनेर ऊ छाङ्गोबाट खसेझैँ हुन्छे र तत्काल उसको मृत्यु हुन्छ । कथाले अरुको आस भोकैबास भन्ने उखानलाई चरितार्थ गर्छ ।

'त्यो खप्पर' ल्हासामा व्यापार गर्ने किसीलालको कथा हो । आफूले दु:ख गरी कमाएर नेपाल पठाएको रकमले उसकी स्वास्नीले अर्केको लोग्नेलाई पोस्ने गरेको कुरा उसलाई राम्ररी थाहा थियो र यता ल्हासाकी स्वास्नी पिँधमा प्वाल परेकी थिई । तापनि उसले ल्हासाको व्यापारबाट ठुलो नाफा कमाएर काठमाडौँमा विलासितापूर्ण जीवन बिताउने सपना देख्न कहिल्यै छोडेन । सधैँ मूर्तिको पूजामा तलीन रहने किसीलाल वास्तवमा एक अवैध मूर्ति व्यापारी थियो । यो कुरा उसका साथीहरूलाई पनि राम्ररी थाहा थियो । त्यसैले जमघटका बेला समयसमयमा हाँसी मजाक गरेजस्तो गरी ऊमाथि साथीहरूको छेडखानी हुन्थ्यो । एकदिन त्यही छेडखानी सहन नसकेर उसको मृत्यु हुन्छ । कथाले अवैध तरिकाले कमाएको अकुत सम्पत्तिले जीवन कहिल्यै सार्थक हुन सक्दैन भन्ने सन्देश दिएको छ ।

'कीर्तिपुरको काइलाल महर्जन' जुम्लाकी युवती र कीर्तिपुरको युवकबिचको प्रेम र विवाहको कथा हो । यो कथा स्वैरकल्पनामा आधारित कथा हो । ५० वर्षअगाडि नै मृत्यु भएको काइलालले ५३ वर्षअघि मरेकी आफ्नी बदमकलीलाई दिनका लागि जुम्ला काठमाडौँ ओहोर दोहोर गर्ने एकजना सरकारी कर्मचारीको हातमा चिट्ठी थमाइदिन्छ । यसै क्रममा तिनीहरूबिच कीर्तिपुरे जनताको दु:ख र पीडाबारे लामो कुराकानी हुन्छ । कथामा काइलालमार्फत कीर्तिपुरमाथि गोर्खाली सेनाको हमलाले कीर्तिपुरे जनताको सामाजिक तथा आर्थिक जीवनमा परेको नकारात्मक प्रभाव र त्रिभुवन विश्वविद्यालय बनाउने बेला सरकारले तिनीहरूमाथि गरेका अन्याय र अत्याचारलाई उजागर गराइएको छ । विकासको नाउँमा रैथाने नेवारहरूको जमिन खोस्ने क्रम आजपर्यन्त कायम नै छ ।




'कालीगण्डकीको हुरी' मा बहुपति प्रथालाई नजिकैबाट नियाल्न सकिन्छ । बहुपति प्रथाअनुसार एउटा परिवारमा जतिसुकै छोरा भए पनि जेठोले मात्र विधिपूर्वक विवाह गरी ल्याउने चलन छ । अनि उसले घर थामी बसेसम्म पारिवारिक सम्पत्ति सबैमा विवाहिता दम्पतीको एकलौती हक हुन्छ । बाँकी सबै भाइहरू संयुक्त परिवारमा बसी सम्पत्ति, स्वास्नी तथा छोराछोरीमाथिको पैतृक हकमा साझेदार हुने चलन छ । कुनै भाइले अलग स्वास्नी ल्याउने रहर गर्‍यो भने उसले पैतृक सम्पत्तिमा दाबी गर्न पाउँदैन । त्यस्ता मानिसहरू धेरैजसो गाउँ छोडेर अन्त बसोबास गर्न जान्छन् । हिमाली भेगको भौगोलिक विषमताका कारण यहाँ बहुपति प्रथाको प्रचलन रहेको पाइन्छ ।

कथामा चार दाजुभाइको संयुक्त बिहे हुँदा कथाका पात्र ग्याम्जो जम्मा ७ वर्षको मात्र थियो । उसलाई आफूभन्दा १४ वर्ष जेठी स्वास्नीले आमाले जस्तै हुर्काएकी थिई र ठुलो भएपछि उसकी स्वास्नीले नै आइमाई र लोग्ने मान्छेका बिचमा कायम हुने एक अर्काको स्नेहमा भिज्न भिजाउन सिकाएकी थिई । त्यसैले उसकी स्वास्नी उसलाई विशेष माया गर्थी । स्वास्नीसँग आफ्नो समय बिताउने पालो हुँदाहुँदै पनि ज्वरोले थलिएको आफ्नो जेठो दाजु घर आएपछि आफू घरबाट निस्कनुपरेको ग्याम्जोको त्रासदीपूर्ण रात र कालीगण्डकीको हुरीको चित्रण कथामा गरिएको छ ।

'मुटुको बह' राउटे जातिको सामुदायिक मूल्य, परम्परा र न्यायमा आधारित कथा हो । कथाका मुख्य पात्र मुखिया ढकबहादुर आफ्नो समुदायको हितको निम्ति आफ्नै सहोदर भाइले दिएको पीडा सहन बाध्य हुन्छ । राउटे जातिको गोलो फुट्न दिनु हुँदैनथ्यो । तर, आफ्नो जाति भित्र हुन लागेको द्वन्द्वलाई रोक्न ढकबहादुर आफ्नै हातले गोलो फुटाएर दुई फ्याक पार्न बाध्य हुन्छ । यही मुटुको बह बोकेर आफ्नो बाँकी गोलो लिएर बास सरेको कथाको दृश्यले पाठकको मनलाई भारी बनाउँछ ।

'मदनको भाले' बाल मनोविज्ञानमा आधारित कथा हो । आफूले माया गरेर हुर्काएको भाले मदनका बाले बेच्छ । तर, उसले केही पैसाको लोभमा परेर बेचेको भालेको कारण आफ्नो छोरा मदनको बालमस्तिष्कमा परेको चोट सहन सक्दैन । त्यसैले मदनको बा आफूले बेचिसकेको भालेको लागि केही रकम थपेर फिर्ता ल्याउन बाध्य हुन्छ । आफ्नो छोरोले भोग्नु परेको पीडा आफूले केही वर्षअगाडि गरेको कर्तुतकै कारण हो भन्दै पछुतो गर्छ । कथाले पृथ्वी गोलो छ र आफूले अरुलाई दिएको पीडा फर्केर आफैतिर आउँछ भन्ने कुराको पुष्टि गर्छ ।

'राधा जिल्ल परी' कथामा पुरानो मान्यताका कारण एकजना निर्दोष किशोरीले भोग्नुपरेको मानसिक तनावलाई देखाइएको छ । उरन्ठ्यौला केटाहरूले हिँड्दै नहिँडेको र बोल्दै नबोलेको केटोसित लागेको कुरा राधाका आमाबुबालाई सुनाउँछन् र त्यही बातले गर्दा राधा विद्यालय जानबाट वञ्चित हुन्छे । कथाले तत्कालीन नेपाली समाजको पछौटेपनलाई चित्रण गरेको छ ।

'हरिबले' कथामा राजनैतिक व्यङ्ग्यको वर्णन गरिएको छ । कथाले नेपालमा जस्तोसुकै राजनैतिक परिवर्तन आए पनि सत्ता र पदमा पुग्न जुनसुकै निर्लज्ज काम गर्न पछि नपर्ने हरिबलेहरूजस्ता पात्रहरू आज पनि जिउँदै रहेको भान गराउँछ ।

'पानसुका' कथामा विधुवा महिलाहरूमाथि लाग्ने विभिन्न किसिमको लान्छना र ती लान्छनाका कारण तिनका सन्तानले भोग्नुपरेको मानसिक पीडालाई देखाइएको छ ।

कथासङ्ग्रहका 'समाजको प्रभाव', 'जोईपोइ', 'सपना', 'छाल' कथा पनि त्यतिकै सरल र सरस छन् ।

मानवशास्त्री तथा कथाकार डोरबहादुर बिष्टको जन्म सन् १९२८ अप्रिल १५ का दिन ललितपुरमा भएको थियो । वि.सं २०४८ सालमा जुम्ला पुगेका विष्टले चौधबीस क्षेत्रको विकास र सामाजिक रूपान्तरणमा निकै काम गरे । डिल्लीचौर गाविसको लासीमा कर्णाली इन्स्टिच्युट स्थापना गरे । विष्ट ०५२ पुस २५ गतेदेखि घर (काठमाडौँ) जान्छु भनेर गाउँबाट हिँडेका उनको स्थिति आजसम्म अज्ञात छ । हाल उनी कुन अवस्थामा कहाँ छन् कसैलाई थाहा छैन ।

कथासङ्ग्रह प्रकाशित गरेर पाठकसामु ल्याउने हिमाल किताबलाई धन्यवाद !

# सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा

✍ राज कार्की

नेपाल बुधबार एउटा महत्त्वपूर्ण मोडमा उभिएको छ । देशको ठुलो जनशक्ति युवा छ । युवासँग ऊर्जा छ, सिर्जनशीलता छ, नयाँ कुरा सिक्ने क्षमता छ र परिवर्तन गर्ने साहस पनि छ तर यही युवा जनशक्ति बुधबार रोजगारी, उद्यम, सीप र भविष्यको सुनिश्चितताको खोजीमा छ । कोही विदेश जाने तयारीमा छ, कोही वैदेशिक रोजगारीबाट फर्किएर नेपालमा केही गर्न चाहन्छ, कोही सानो व्यवसाय सुरु गर्ने सपना बोकेर बैङ्क तथा सरकारी कार्यालयको ढोका चहारिरहेको छ । यस्तो अवस्थामा युवाको अपेक्षा केवल सरकारले दिने आर्थिक सुविधा वा अनुदानमा सीमित हुनु हुँदैन ।

युवाले खोजेको वास्तविक कुरा अवसर हो, आत्मनिर्भर हुने वातावरण हो, आफ्नो सीपको सम्मान हो र आफ्नो श्रमबाट भविष्य निर्माण गर्ने बाटो हो । नेपाल सरकारले राष्ट्रिय युवा नीति २०८२ अघि सारेको छ । मन्त्रालयले पनि युवालाई शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील बनाउँदै राष्ट्र निर्माणमा परिचालन गर्ने विषयलाई महत्त्वपूर्ण मानेको छ । अब चुनौती नीति बनाउने मात्र होइन, त्यसलाई युवाको दैनिक जीवनमा महसुस हुनेगरी कार्यान्वयन गर्नु हो । त्यसैले आजको आवश्यकता स्पष्ट छ-सहज सुविधा होइन, सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा ।

**अनुदान समस्याको समाधान होइन**

युवालाई आर्थिक सहयोग गर्नु आवश्यक हुनसक्छ तर एकपटक अनुदान दिएरमात्रै युवाको भविष्य सुरक्षित हुँदैन । बरु त्यस्तो सहयोगलाई सीप, व्यवसाय र उत्पादनसँग जोड्न सकिएमा त्यसको प्रभाव दीर्घकालीन हुन्छ । मानौँ, कुनै युवालाई सिलाइ मेसिन दिइयो । मेसिन पाउनु राम्रो कुरा हो तर त्यसपछि के त ? भन्ने प्रश्न आउँछ । उसलाई आधुनिक डिजाइन सिकाइयो कि सिकाइएन ? बजार कहाँ छ भनेर जानकारी दिइयो कि दिइएन ? डिजिटल मार्केटिङ सिकाइयो कि सिकाइएन ? बैङ्किङ तथा लेखा व्यवस्थापनको ज्ञान दिइयो कि दिइएन ? उत्पादनलाई ब्रान्ड बनाएर बिक्री गर्ने अवसर दिइयो कि दिइएन ? भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

यदि यी प्रश्नको उत्तर छैन भने मेसिन एउटा सामान मात्र बन्न सक्छ तर मेसिनसँगै सीप, बजार, प्रविधि, वित्तीय ज्ञान र उद्यमशीलता जोडियो भने त्यही मेसिन एउटा रोजगारीको केन्द्र बन्नसक्छ । त्यसैले अबको युवा नीति 'युवालाई के दिने ?' भन्दा 'युवालाई के गर्न सक्ने बनाउने ?' भन्ने प्रश्नबाट निर्देशित हुनुपर्छ ।

**सीपलाई दोस्रो दर्जाको काम नठानौँ**

नेपालमा अझै पनि एउटा सामाजिक सोच परिवर्तन गर्न आवश्यक छ- सीपमूलक कामलाई सानो काम ठान्ने प्रवृत्ति । हामीले डिग्रीलाई सम्मान गर्छौं तर सीपलाई त्यति सम्मान गर्दैनौँ । कार्यालयको जागिरलाई प्रतिष्ठित ठान्छौँ, तर आफ्नो हातको सीप प्रयोग गरेर व्यवसाय गर्ने व्यक्तिलाई त्यति महत्त्व दिँदैनौँ । यो सोच परिवर्तन नगरी युवा आत्मनिर्भर बन्न सक्दैन । टेलरिङ, बुनाइ, काष्ठकला, धातुकला, हस्तकला, कृषि, पर्यटन, होटल व्यवसाय, निर्माण, सौन्दर्य सेवा, सूचना प्रविधि, डिजाइन तथा अन्यअ प्राविधिक क्षेत्रमा सीप भएका युवाले देशको अर्थतन्त्रमा ठुलो योगदान दिन सक्छन् ।

म आफैँ परम्परागत सीपसँग जोडिएको व्यवसायमा काम गरिरहेको युवा व्यवसायी भएकाले मैले नजिकबाट देखेको कुरा हो- सीप पुरानो हुन सक्छ, तर सोच कहिल्यै पुरानो हुनु हुँदैन । परम्परागत टेलरिङलाई आधुनिक फेसन उद्योगमा बदल्न सकिन्छ । स्थानीय उत्पादनलाई राष्ट्रिय ब्रान्ड बनाउन सकिन्छ । हातको सीपलाई डिजिटल प्रविधिसँग जोड्न सकिन्छ । यही परिवर्तनका लागि युवा नीतिले प्रोत्साहन दिनुपर्छ ।

**विदेश जाने बाध्यता कम गरौँ**

वैदेशिक रोजगारी नेपाली युवाको एउटा महत्त्वपूर्ण विकल्प बनेको छ । विदेश गएर आफ्नो परिवार र देशको अर्थतन्त्रमा योगदान गर्ने युवाको श्रमको सम्मान हुनुपर्छ । तर प्रश्न अर्को पनि छ-नेपालमै युवाले भविष्य देख्न सक्ने वातावरण हामीले कहिले बनाउने ?

यदि एउटा युवा नेपालमा बसेर आफ्नो सीप प्रयोग गरी राम्रो आम्दानी गर्न सक्छ, सानो व्यवसायलाई ठुलो बनाउन सक्छ र अरू पाँच वा दस जनालाई रोजगारी दिन सक्छ भने त्यसले देशको अर्थतन्त्रमा अझ ठुलो योगदान पुऱ्याउन सक्छ । त्यसैले 'विदेश नजाऊ' भनेर मात्र युवालाई रोक्न सकिँदैन । देशमै रोजगारी, बजार, पुँजी, प्रविधि र सम्मान दिनुपर्छ । युवाले नेपालमै सम्भावना देख्न थालेपछि मात्र वैदेशिक रोजगारीको बाध्यता क्रमश: कम गर्न सकिन्छ ।

**शिक्षा र सीपबिचको दूरी हटाउनुपर्छ**

नेपालको शिक्षा प्रणालीमा पनि परिवर्तन आवश्यक छ । सबै युवाले एउटै बाटो रोज्नुपर्छ भन्ने छैन । कसैलाई विश्वविद्यालयको शिक्षा आवश्यक हुन्छ, कसैलाई प्राविधिक शिक्षा, कसैलाई व्यवसायिक तालिम र कसैलाई आफ्नै व्यवसाय सञ्चालन गर्ने सीप । विद्यालय तहदेखि नै युवालाई 'सिक र कमाउ' अर्थात् सिक्दै कमाउने संस्कृतिसँग जोड्न सकिन्छ ।

फेसन डिजाइन, टेलरिङ, कृषि प्रविधि, होटल व्यवस्थापन, डिजिटल मार्केटिङ, इलेक्ट्रिकल, प्लम्बिङ, निर्माण, हस्तकला, सौन्दर्य सेवा, सूचना प्रविधिजस्ता क्षेत्रमा व्यवहारिक शिक्षा विस्तार गर्नुपर्छ । विशेषगरी फेसन उद्योग र परम्परागत सीपलाई प्राविधिक शिक्षासँग जोड्नुपर्ने आवश्यकता छ । नेपालमा उत्पादन हुने कपडा, नेपाली डिजाइन, हस्तकला र स्थानीय सीपलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सकिने ठुलो सम्भावना छ ।

युवा व्यवसायी बन्न चाहन्छ, तर व्यवसाय सुरु गर्दा अनेकौँ समस्या आउँछन् । व्यवसाय दर्ता, कर प्रणाली, बैङ्क ऋण, धितो, बजार, प्रविधि, कर्मचारी व्यवस्थापन र सरकारी प्रक्रियाले धेरै युवालाई निरुत्साहित गर्छ । त्यसैले युवा उद्यमीका लागि एकद्वार सेवा, सरल दर्ता प्रक्रिया, सहुलियतपूर्ण ऋण, व्यवसायिक परामर्श, डिजिटल सेवा र बजारसँग जोड्ने कार्यक्रम आवश्यक छ । युवालाई ऋण मात्र दिएर पुग्दैन । ऋणसँगै व्यवसाय सञ्चालन गर्ने ज्ञान पनि दिनुपर्छ । सरकार, बैङ्क, निजी क्षेत्र, शैक्षिक संस्था र युवा उद्यमीबिच सहकार्यको बलियो प्रणाली विकास गर्नुपर्छ ।

युवालाई केवल रोजगारी खोज्ने जनशक्तिका रूपमा हेर्नु गलत हो । युवा स्वयं रोजगारी सिर्जना गर्न सक्ने शक्ति हो । एउटा सफल युवा उद्यमीले आफूसँगै अरू धेरै युवालाई रोजगारी दिनसक्छ । एउटा सानो सिलाइ व्यवसाय ठुलो उत्पादन केन्द्र बन्नसक्छ । एउटा सानो कृषि व्यवसाय प्रशोधन उद्योग बन्नसक्छ । एउटा स्थानीय हस्तकला व्यवसाय अन्तर्राष्ट्रिय ब्रान्ड बन्नसक्छ । त्यसैले युवा नीति रोजगारी खोज्ने युवाबाट रोजगारी सिर्जना गर्ने युवातर्फ केन्द्रित हुनुपर्छ । यसका लागि सफल युवा उद्यमीको अनुभवलाई पनि नीति निर्माणमा समेट्नुपर्छ । नीति कागजमा मात्र होइन, व्यवसाय सञ्चालन गरिरहेका युवाको वास्तविक अनुभवमा आधारित हुनुपर्छ ।

सम्मान पनि रोजगारी जत्तिकै महत्त्वपूर्ण छ । युवालाई आर्थिक अवसरसँगै सामाजिक सम्मान पनि चाहिन्छ । हामीले श्रमको सम्मान गर्न सिक्नुपर्छ । किसान, टेलर, कालिगढ, डिजाइनर, प्राविधिक, उद्यमी, कलाकार वा डिजिटल क्षेत्रमा काम गर्ने युवा- सबै राष्ट्र निर्माणका साझेदार हुन् । काम सानो वा ठुलो हुँदैन; कामप्रतिको इमानदारी, सीप र सोच ठुलो हुन्छ । जब समाजले युवाको सीपलाई सम्मान गर्न थाल्छ, युवाले पनि आफ्नो श्रमप्रति गर्व गर्न थाल्छ ।

**परिणाममुखी युवा नीतिको खाँचो**

अब हामीले युवा नीति कागजमा कति राम्रो छ भनेर मात्र बहस गर्ने होइन, त्यसको परिणाम के आयो भनेर हेर्नुपर्छ । कति युवाले सीप पाए ?, कति युवाले व्यवसाय सुरु गरे ? कति रोजगारी सिर्जना भयो ?, कति युवा विदेश जानुपर्ने बाध्यताबाट रोकिए ? कति परम्परागत सीप आधुनिक उद्योगमा रूपान्तरण भए ?, कति युवा उद्यमी बजारसँग जोडिए ? यस्ता प्रश्नको उत्तर दिने गरी परिणाममा आधारित युवा नीति आवश्यक छ । युवालाई लाभग्राहीको सूचीमा राखेर मात्र देशको भविष्य बदलिँदैन । युवालाई नीति निर्माण, कार्यान्वयन र मूल्याङ्कनको प्रक्रियामै सहभागी गराउनुपर्छ ।

अन्त्यमा, नेपालका युवामा क्षमता छैन भन्ने होइन । अवसरको कमी छ । युवा मेहनत गर्न चाहन्छ, सिक्न चाहन्छ, व्यवसाय गर्न चाहन्छ, नयाँ सिर्जना गर्न चाहन्छ । उसलाई आवश्यक छ–सही नीति, सहज वातावरण, पुँजीमा पहुँच, बजार, प्रविधि र सम्मान । सरकारले युवालाई केही समयका लागि आर्थिक सुविधा दिएर सहयोग गर्न सक्छ तर सीप, रोजगारी र उद्यमको वातावरण निर्माण गरेर मात्र दीर्घकालीन आत्मनिर्भरता सुनिश्चित गर्न सक्छ ।

हामीले युवालाई हात फैलाउने होइन, हातले अवसर सृजना गर्ने बनाउनुपर्छ । युवालाई रोजगारी खोज्नेमात्र होइन, रोजगारी सृजना गर्ने बनाउनुपर्छ । युवालाई विदेश जाने बाध्यतामा होइन, नेपालमै सम्भावना देख्ने आत्मविश्वासमा उभ्याउनुपर्छ । परम्परागत सीपलाई आधुनिक प्रविधिसँग जोडौँ । स्थानीय उत्पादनलाई ब्रान्ड बनाऔँ । युवाको श्रमलाई सम्मान गरौँ । उद्यमलाई प्रोत्साहन गरौँ । सीपलाई शिक्षासँग जोडौँ । सरकारी नीतिलाई बजार र उत्पादनसँग जोडौँ । किनकि नेपालको युवा केवल देशको भविष्य होइन, आजकै नेपालको आर्थिक र सामाजिक परिवर्तनको शक्ति हो । त्यसैले स्पष्टकासाथ भन्न सकिन्छ, 'सहज सुविधा होइन- सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा ।' यही सोचलाई व्यवहारमा उतार्न सकेमा युवा नेपालको समस्या होइन, नेपालको सबैभन्दा ठुलो सम्भावना र शक्ति बन्नेछ ।

आज अन्तर्राष्ट्रिय युवा दिवससमेत भएको सन्दर्भमा हाम्रा युवा केन्द्रित नीति, योजना र कार्यक्रमको समीक्षा गर्दै यसलाई आगामी दिनमा परिणाममुखी बनाउने प्रण गर्ने अवसर पनि हो । सन् २००० देखि संयुक्त राष्ट्रसङ्घको आह्वानमा अगस्त १२ तारिखका दिन यो दिवस मनाइँदै आएको यो दिवसको यस वर्षको मूल नारा 'भिन्न परिवेश, साझा आकाङ्क्षा' रहेको छ । ***(रासस)***

*(लेखक युवा व्यवसायी हुनुहुन्छ)*

*देशको...*

- तराई मूलका बालेनलाई प्रम बनाइयो तर तराईको स्थिति झन्झन् ओरालो लागिरहेको छ । तराईका अधिकांश युवालाई वैदेशिक रोजगारीमा पठाइँदा नेपालको व्यापारघाटा बढेको किन होइन ? आव २०८२/८३ मा नेपालगञ्ज नाकाबाट निर्यात १२ प्रतिशत बढे पनि ९२.२५ प्रतिशत व्यापार घाटा भयो । नेपालको तराई भूभाग कृषि उत्पादनमा अब्बल हो तर शासकहरू गतिला नहुँदा खाद्यान्नसमेत आयात गर्नुपर्ने भई देशको व्यापार घाटा बढेको किन होइन ?
- गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको नाममा भएको उपद्रवमा सरकारको १७९ निकायको स्रेस्ता जलाइँदा ती निकायको लेखापरीक्षणसमेत हुन नसकेको सार्वजनिक भयो । यसमा के कति आर्थिक अनियमितता भयो थाहा नहुने भयो । यो उपद्रव कुनै राजनीतिक उद्देश्यको लागि भएको थिएन भने कुनै प्राकृतिक विपत्ति पनि होइन । यो विदेशी पैसा खाएर नेपालका कतिपय राज्य संयन्त्रलाई कब्जा गराई गरिएको 'उपद्रव' हो । यो 'उपद्रव' को पूर्ण छानबिन गरी दोषीलाई कारबाही गराउन नेपाली जनताले निरन्तर आवाज किन नउठाउने ?
- कतिपय व्यक्ति र उद्योगी-व्यापारीले आवश्यकताभन्दा बढी ग्यास सिलिन्डर भण्डारण गर्नु तिनीहरूको यो रास्वपा सरकारबाट ग्यास आपूर्ति हुनेमा अविश्वास हो । यसरी जनताको विश्वास गुमेको सरकार सिंहदरबारमा रहनु देश र जनताको हितमा हुनेछैन । के यसैकारण रास्वपाका एक होनहार सांसद हरि ढकालले 'सिंहदरवार' लाई 'अनामनगर दरबार' नाम राख्ने प्रस्ताव गरेको हो ? के नाम फेर्दैमा कसैको अपराध छोपिन्छ र ?

## सर्पको टोकाइबाट बचौं र बचाऔं

❖ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,

❖ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,

❖ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,

❖ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,

❖ घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,

❖ रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,

❖ घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,

❖ झुल लगाएर खाटमा सुत्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*सरकारका...*

दुर्घटना, आगलागी, आगजनी, विद्युत् सट, हिंसात्मक घटना हुने भएकोले राज्यले सम्बन्धित संस्था, निकायलाई स्वास्थ्य सामग्री ठीक ठाउँमा राख्नुपर्छ । ती सङ्घ संस्थाका जिम्मेवार व्यक्तिहरू जहिल्यै पनि तयारी अवस्थामा रहनुपर्छ । सानो कमजोरीको कारण धनजनको ठुलो क्षति हुने, ज्यान जाने भएकोले पनि संवेदनशील हुनुपर्ने हो; रात-दिन तयारी अवस्थामा रहनुपर्छ । यसतर्फ सरकार, सत्तारूढ दल र सम्बन्धित निकायका जिम्मेवार पदाधिकारी तथा सदस्यहरू सतर्क भइरहनुपर्छ ।

# अझै ग्यासको अभाव



आज पनि ग्याँस भएको सिलिन्डर पाइएन । रित्तो सिलिन्डर लाइनमा राखेको १० दिन नाघिसक्यो । अझै पालो आएको छैन । पसले साहु भन्छन्, "दुई-अढाइ सय सिलिन्डरको लाइन छ । पालो आउन समय लाग्छ । अर्कै जुगाड गर बा ।"

काठमाडौँको बसाइँ जुगाड नै जुगाडमा त चलेको छ । साहुलाई के थाहा ? पढ्नलाई राजधानी आइयो । कोठामा बहिनी र म दुई जना बस्छौँ । ग्याँस सक्किएपछि केही दिन साथीहरू कहाँ खाना खान गइयो । एक-दुई दिन एउटा साथी कहाँ, एक-दुई दिन अर्को साथी कहाँ धाइयो । साथीहरूको पनि उही हाल त हो नि । कति दु:ख दिने भन्ने पनि भयो । तीन दिन यता होटलमा खान थालेका छौँ । होटलमा सादा खाना पनि छाकको १४० रूपैयाँ लिन्छ । हिजो मात्र सस्तोमा खाना खुवाउने पसल भेटाएका छौँ । छाकको १०० रूपैयाँ । अब दिनको ४०० जाने भएको छ । खोइ कहिलेसम्म धान्ने हो हाम्रो बजेटले ?

अझै १० दिनसम्म ग्याँससहितको सिलिन्डर नपाए हाम्रो बिजोगै हुनेछ । १० दिन मतलब ४ हजार रूपैयाँ । ४ हजार १ सय २० रूपैयाँमा त दुई फुल सिलिन्डर ग्यास नै आउँछ । गरिबको टाउकोमाथि यो कस्तो प्रहार हो सरकार ? कहिले हो हामीले ग्याँस सिलिन्डर पाउने ?

विद्युत् सस्तो हुन्थ्यो भने विद्युतीय चुलोमा खान पकाउन सजिलो हुने थियो । तर, हाम्रो लागि त्यो विकल्प छैन । एक त कोठामा इन्डक्सन चुलो छैन । भए पनि घरबेटीले विद्युत्को प्रति युनिट १५ रूपैयाँ लिन्छन् । साथीहरू भन्छन्, एक छाक खाना पकाउँदा दुई युनिट विद्युत् लाग्छ । हिसाब गर्दा दैनिक दुई छाकका हिसाबले महिनाको १८ सय रूपैयाँको विद्युत् लाग्छ । फेरि दिउँसो खाजा पनि खानुपऱ्यो । फुल सिलिन्डरबाट करिब ३ महिना खाना पाक्छ । त्यसैले विद्युत्बाट खाना पकाउँदा होटलमा खाएजस्तो महँगो त हुँदैन । तर, ग्यासबाट पकाउँदा भन्दा धेरै महँगो पर्न जान्छ ।

इन्डक्सन चुलो किन्ने सोच्दै छौँ । सरकारले सस्तोमा विद्युत् दिने हो भने अलिकति राहत हुने थियो । तर, सामान्य जनताले पढ्दा र उपचार गर्दा समेत कर उठाउन खोज्ने सरकारले हामी गरिब विद्यार्थीका कुरा सुन्ला र ? शङ्कै लाग्छ ।

***एक विद्यार्थी***

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

### भक्तपुर नगरपालिकाबाट सञ्चालन गर्ने आदर निकेतनको लागि आवश्यक जनशक्ति सेवा करारमा पदपूर्तिको लागि लिएको अर्न्तवार्तामा सफल उम्मेदवारहरूको नियुक्तिको लागि सम्पर्क गर्न आउनेसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट सञ्चालन गर्ने आदर निकेतनको लागि आवश्यक सहायकस्तर पाँचौं तह १ जना, ज्येष्ठ नागरिक हेरचाहकर्ता २ जना र हल्का सवारी चालक १ जना पदपूर्तिको लागि २०८३/३/४ गते र २०८३/४/१२ गते लिएको अर्न्तवार्तामा देहायबमोजिमका उम्मेदवारहरू सफल हुनुभएकोमा सफल उम्मेदवारहरूले नियुक्तिका लागि ७ दिनभित्र भक्तपुर नगरपालिका प्रशासन शाखामा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पदः सहायकस्तर पाँचौं तह**

| | सफल उम्मेदवार | | |
|---|---|---|---|
| क्र.सं. | रोल नं. | नाम थर | ठेगाना |
| १. | ९ | गंगाराम कोजु | भ.न.पा. ६ |
| वैकल्पिक उम्मेदवारहरू | | | |
| १. | ३ | विज्ञान अवाल | भ.न.पा. ६ |
| २. | ४ | सरिता खुसु | भ.न.पा. १० |

**पदः ज्येष्ठ नागरिक हेरचाहकर्ता**

| सफल उम्मेदवारहरू | | | |
|---|---|---|---|
| क्र.सं. | रोल नं. | नाम थर | ठेगाना |
| १. | ७ | संजिला कवां | भ.न.पा. ३ |
| २. | ११ | सम्झना खाइजु | भ.न.पा. ५ |
| वैकल्पिक उम्मेदवारहरू | | | |
| १. | ८ | सजना मानन्धर | भ.न.पा. ३ |
| २. | २२ | सबिना नखेतुरु | भ.न.पा. ४ |
| ३. | १८ | सपना गोर्खाली | भ.न.पा. २ |
| ४. | ६ | रविना प्रजापति | भ.न.पा. ३ |

**पदः हलुका सवारी चालक**

| सफल उम्मेदवार | | | |
|---|---|---|---|
| क्र.सं. | रोल नं. | नाम थर | ठेगाना |
| १. | ५ | विकास मध्या भ.न.पा. | भ.न.पा. ५ |
| वैकल्पिक उम्मेदवारहरू | | | |
| १. | २ | निरण मानन्धर | भ.न.पा. ३ |
| २. | ४ | कमल तुल्सीबाख्यो | भ.न.पा. ७ |



## भद्रकाली बचत तथा ऋण सहकारी संस्था लि.

ग:पली-४, भक्तपुर, फोन नं.: ०१-६६१६८४४

### ऋण चुक्ता गर्नेबारे ३५ (पैंतीस) दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः २०८३/०४/२८**

यस संस्थाबाट ऋण लिने तपसिलबमोजिमका ऋणी सदस्यहरूले ऋण लिँदा गरिदिएको लिखत तथा सर्तनामामा तोकिएअनुसार बुझाउनुपर्ने सावाँ, ब्याज र हर्जना रकमहरू नबुझाई ऋण लिँदा गरेको सर्त कबुलियत उल्लङ्घन गरेको तथा मौखिक एवं लिखित गरी पटकपटक ताकेता गर्दासमेत सोको बेवास्ता गरी ऋण दायित्वबाट विमुख भई सम्पर्कसमेत नभएकाले सो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ (पैंतीस) दिनभित्र यस संस्थालाई बुझाउनपर्ने बाँकी सावाँ, ब्याज, हर्जना तथा अन्य दैदस्तुर बुझाई कर्जा चुक्ता गर्न हुन अनुरोध गरिन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा वा आंशिक रकम असुलउपर भई ऋण बाँकी रहन गएमा ऋणीलाई कालोसूचीमा समावेश गर्ने र सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण नीतिमा व्यवस्था भएबमोजिम कानुनी प्रक्रियाबाट ऋणी वा एकासगोल परिवारको नाउँमा नेपालभर भएको अन्य चलअचल सम्पत्ति रोक्का राखी संस्थाको लेना रकम असुल गरी लिने व्यहोरा ऋणी सम्बद्ध सबैलाई यसै सूचनाबाट सूचित गरिन्छ ।

| ऋणीहरूको विवरण | ऋणीको फोटो | जमानीकर्ताको विवरण | जमानीकर्ताको फोटो |
|---|---|---|---|
| नाम: बिजेन्द्र नागा<br>बुबाको नाम: हरेराम नागा<br>बाजेको नाम: शेरबहादुर नागा<br>पत्नीको नाम: रीना मारिखु<br>ना.प्र.नं.: ०५०७०<br>ठेगाना: खँ:ला-५, भक्तपुर |  | नाम: मंगलमाया नागा<br>पतिको नाम: हरेराम नागा<br>ससुराको नाम: शेरबहादुर नागा<br>ना.प्र.नं.: ८५२९<br>ठेगाना: खँ:ला-५, भक्तपुर<br>ऋणीसँगको नाता: आमा |  |
| नाम: केशवलाल प्रधानाङ्ग<br>बुबाको नाम: इन्द्रलाल प्रधानाङ्ग<br>बाजेको नाम: नन्दलाल प्रधानाङ्ग<br>पत्नीको नाम: रफि हाडा<br>ना.प्र.नं.: १३०/०२८/३९<br>ठेगाना: दुवाकोट-२,भक्तपुर |  | नाम: रफि हाडा प्रधानाङ्ग<br>बुबाको नाम: हरिभक्त हाडा<br>पतीको नाम: केशवलाल प्रधानाङ्ग<br>ना.प्र.नं.: ७३७/०४१<br>ठेगाना: दुवाकोट-२, भक्तपुर<br>ऋणीसँगको नाता: श्रीमती |  |
| नाम: अमिर खत्री<br>बुबाको नाम: केदारबहादुर खत्री<br>बाजेको नाम: भरतबहादुर खत्री<br>पत्नीको नाम: सुनिता भण्डारी<br>ना.प्र.नं.: २८१३९<br>ठेगाना: पिखेल, चाँगुनारायण |  | नाम:<br>बुबाको नाम:<br>पतीको नाम:<br>ना.प्र.नं.:<br>ठेगाना:<br>ऋणीसँगको नाता: | |
| नाम: मिलन कुस्मा<br>बुबाको नाम: कृष्णभक्त कुस्मा<br>बाजेको नाम: कृष्णकमार कुस्मा<br>पत्नीको नाम: कल्पना त्वायनाबासु<br>ना.प्र.नं.: ०१६४२<br>ठेगाना: इनाचो-७, भक्तपुर |  | नाम: कल्पना त्वायनाबासु<br>बुबाको नाम: आसाकाजी त्वायनाबासु<br>पतीको नाम: मिलन कुस्मा<br>ना.प्र.नं.: १३३९५<br>ठेगाना: इनाचो-७, भक्तपुर<br>ऋणीसँगको नाता: श्रीमती | |
| नाम: रामसुन्दर कर्माचार्य<br>बुबाको नाम: रामकुमार कर्माचार्य<br>बाजेको नाम: लक्ष्मीकुमार कर्माचार्य<br>पत्नीको नाम: गणेशलक्ष्मी खत्री<br>ना.प्र.नं.: १६०१९<br>ठेगाना: मङ्गलाछेँ-५, भक्तपुर |  | नाम: गणेशलक्ष्मी खत्री<br>बुबाको नाम: कुमार खत्री<br>पतीको नाम: रामसुन्दर कर्माचार्य<br>ना.प्र.नं.: २९-०१-०६५-०४८२४<br>ठेगाना: मङ्गलाछेँ-५, भक्तपुर<br>ऋणीसँगको नाता: श्रीमती |  |
| नाम: हरिकृष्ण तमखु<br>बुबाको नाम: नारायणभक्त तमखु<br>बाजेको नाम: भगत तमखु<br>पत्नीको नाम: किशन तमखु<br>ना.प्र.नं.: १३३०१<br>ठेगाना: खँ:ला-५, भक्तपुर |  | नाम: किशन तमखु<br>पतीको नाम: हरिकृष्ण तमखु<br>बुबाको नाम: गोपी श्रेष्ठ<br>ना.प्र.नं.: २९-०१-०६५-०२१२७<br>ठेगाना: खँ:ला-५, भक्तपुर<br>ऋणीसँगको नाता: श्रीमती |  |


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा